# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **कविताराम श्रेष्ठको वनदेवी उपन्यासको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीयविभाग स्नातकोत्तर द्वितीय वर्षको दसौं पत्रको आंशिक प्रयोजन पूरा गर्नका लागि तयार गरिएको हो ।

## १.३ विषयपरिचय

विधागत विविधताका साथ अगाडि बढिरहेको नेपाली साहित्यको एउटा महÙवपूर्ण क्षेत्र बाल साहित्य हो । प्रौढ अथवा सामान्य साहित्यमाझैं बालसाहित्यमा पनि कथा, कविता, उपन्यास आदि जस्तै विधागत बहुलता पाइन्छ । वास्तवमा बालबालिकाको रुचि र स्तरअनुसार तयार पारिएको साहित्यिक कृति नै बालसाहित्य हो । यसै गरी बालबालिकाका लागि तयार पारिएको सरल, सहज र सुबोध्य उपन्यास बाल उपन्यास हो । यो बालमानसिकता ख्याल गरी बालबालिकाहरूलाई जागरूक, विवेकशील, चेतनशील तथा प्रबुद्ध वनाएर आ-आफ्नासमुदायमा मानवमूल्यको स्थापना गर्नेतर्फ

अग्रसर गराउने खालको हुनुपर्छ । यही उद्देश्यलाई ध्यानमा राखेर धेरै साहित्यकारहरू बाल उपन्यासको रचनातर्फ प्रवृत्त भएका छन् ।

कविताराम श्रेष्ठ (२००४) नेपाली साहित्यका उत्कृष्ट बालउपन्यासकार हुन् । उनले नेपाली साहित्यिक जगतलाई ‘वनदेवी’(२०३६), ‘पानीको थोपा’ (२०३८), ‘कमिलाको कथा’(२०४८), ‘अनौठो यात्रा’ (२०५९), ‘किसानबाट शिक्षा’ जस्ता उत्कृष्ट बालउपन्यास दिएका छन् । यी सवै उपन्यास सरल, सहज, सरस, मनोवैज्ञानिक एवम् प्रभावोत्पादक ढङ्गमा लेखिएका छन् । स्वैरकल्पनाको प्रयोग गरिएका उपर्युक्त उपन्यासमध्ये वनदेवीले वनको महत्वलाई सहज तरिकाले प्रस्तुत गरेको छ । १७ पृष्ठ लामो संरचनागत आयाम भएको यस बालउपन्यासलाई पात्रविधान, कथोपकथन, उद्देश्य, बालमनोविज्ञान आदि दृष्टिकोणबाट विश्लेषण गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । यसका साथै बालउपन्यासकार कविताराम श्रेष्ठको जीवनी, बालऔपन्यासिक प्रवृत्ति, तथा अन्य बालउपन्यासहरूको चर्चा पनि यस शोध पत्रका प्रासङगिक विषय भएका छन् ।

## १.४ समस्याकथन

प्रस्तुत शोधकार्यमा ‘वनदेवी’ बालउपन्यासको कृतिपरक अध्ययन गरिएको छ । यस क्रममा विवेच्य कृतिलाई औपन्यासिक तत्वका आधारमा विश्लेषण गरिएको छ । उपन्यासकार कवितारामको जीवनी तथा साहित्यिक यात्रा र चरण विभाजन पनि प्रस्तुत गरिएको छ । यस परिप्रेक्षमा निम्नलिखित समस्याहरू देखिएका छन् :

(क) नेपाली बालसाहित्यको अवस्था के कस्तो छ ?

(ख) कविताराम श्रेष्ठको साहित्यिक रचनाधर्मिता के कस्तो छ ?

(ग) वनदेवी उपन्यासको विश्लेषण के कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूमा आधारित भएर प्रस्तुत शोधकार्य तयार गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य माथि उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु नै हो, जसलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

(क) नेपाली बालसाहित्यको निरुपण गर्नु ,
(ख) कविताराम श्रेष्ठको साहित्यिक रचनाधर्मिताको निरूपण गर्नु ,
(ग) **वनदेवी** उपन्यासको विश्लेषण र मूल्याङ्कन गर्नु ,

## १.६ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य सम्पन्न गर्न यससम्बधी पूर्वजविद्वान्हरूले गरेका कार्यहरूले ठूलो सहयोग भएको छ । त्यसैले पहिले गरिएका त्यस्ता पूर्वकार्यहरूको खोजी गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा केकस्ता पूर्वकार्यहरू भएकाछन्, तिनको समीक्षात्मक विवरण बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ ।

(क) जयदेव भट्टराईले **साहित्यकार परिचय र अभिव्यक्ति** (नेपाल प्रज्ञा प्रष्ठिान, २०५४, सं. पृ. ४७) नामक पुस्तकमा साहित्यकार कवितारामको सङ्क्षिप्त परिचय दिई उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरेका छन् ।

(ख) गीता सुवेदीले **बालसाहित्यकार दैवज्ञराज न्यौपाने** (अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., ने.के.वि., २०५६) नामक शोध ग्रन्थको दोस्रो परिच्छेदको **बालउपन्यास** उपशीर्षकमा बालउपन्यासको परिभाषा दिँदै केही बालउपन्यासकार र तिनका

बालउपन्यासहरूको चर्चा गर्दा कवितारामका अन्य बालउपन्यासका साथै **वनदेवी**को पनि सामान्य चर्चा गरेकीछन् ।

(ग) प्रमोद प्रधानले **नेपली बालसाहित्यको इतिहास** (काठमाडौ : बगर फाउन्डेसन,२०५७) नामक पुस्तकको बालउपन्यास शीर्षकमा बालउपन्यासको परिचय, महÙव र बालउपन्यासको स्थितिबारे चर्चा गरेका छन् । यसै क्रममा स्रष्टा कवितारामका अन्य कृतिहरूका साथै **वनदेवी** उपन्यासको पनि महÙव देखाइएको छ ।

(घ) अच्युतरमण अर्यालले **नेपाली बालसाहित्यको अध्ययन** (अप्रकाशित विद्यावारिधि शोधपत्र, त्रि.वि.वि., ने.के.वि, २०५८) मा बालसाहित्यको व्यापक चर्चा गरेका छन् । यस क्रममा विभिन्न विधामा बालसाहित्यलाई वर्गीकरण गर्दै कथा, उपन्यास र चित्रकथालाई बालआख्यानात्मक विधाका रूपमा स्वीकार्दै बालउपन्यासको सामान्य चर्चा गर्दै कवितारामका बालउपन्यासहरूका बारेमा सामान्य चर्चा गरेका छन् ।

(ङ) नेत्रनारायण रेग्मीले **नेपाली बालसाहित्यमा बालमनोविज्ञानको अवस्था** (अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., ने.के.वि,२०५८) नामक शोधपत्रमा कविताराम र उनका बाल उपन्यासहरूको पनि सामान्य चर्चा गरेका छन् ।

(च) गोपाल खतिवडाले साहित्यकार **कविताराम श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको एक अध्ययन** (अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, २०५९) नामक शोधग्रन्थमा कवितारामको जीवनी र व्यक्तित्वका विविध पाटाहरूको चर्चाका साथै उनका विभिन्न कृतिहरूको विश्लेषण समेत गरेका छन् ।

(छ) यशोदा कुँवर (सुवेदी) ले **कवितारामका बालउपन्यासको अध्ययन** (अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, २०६२) नामक शोधग्रन्थमा कवितारामको सामान्य जीवनी र कृतित्वका साथै प्रकाशित बालउपन्यासहरूको विश्लेषण गरेकीछन् ।

(ज) राजेन्द्र लिम्बूले **२०३० को दशकका मौलिक नेपाली बालउपन्यासमा स्वैरकल्पना** (अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि.,ने. के. वि., २०६२, पृ. ४४–५१) शीर्षकको शोधकार्यमा वनदेवी उपन्यासमा पाइने स्वैरकल्पनाको खोजी गरेका छन् ।

यसरी विभिन्न लेखक तथा समालोचकहरूले आफ्ना विभिन्न समालोचनात्मक लेखहरूमा स्रष्टा कवितारामका अन्य कृतिहरूका साथै **वनदेवी** उपन्यासको पनि चर्चा गरेको छन् । कहीँकतैबाट कवितारामको **वनदेवी** उपन्यासको कृतिपरक अध्ययन भएको पाइएन । यस उपन्यासलाई औपन्यासिक तत्वका आधारमा विश्लेषण तथा समीक्षण गर्न आवश्यक देखिएको छ । यसैक्रममा विवेच्य उपन्यासको महÙव तथा स्तर निर्धारण गर्न आवश्यक छ । प्रस्तुत शोधकार्यले **वनदेवी** उपन्यासको कृतिपरक अध्ययनमा देखिएको अभाव पूर्ति गर्न महÙवपूर्ण योगदान पुÚयाउने छ ।

## १.७ शोधकार्यको औचित्य

आजको परिवेशमा नेपाली साहित्यका स्रष्टाहरू बालसाहित्यमा आकर्षित भएका छन् । बालसाहित्यका मूल पाठक बालबालिकाहरू नै हुन् । बालसाहित्यले बालबालिकाको मनस्थितिमा गहिरो प्रभाव पार्दछ । त्यसैले बालसाहित्य बालबालिकाको स्तर र रुचि अनुसारकै लेखिनुपर्दछ । यस्ता कृतिहरू बालोपयोगी पनि हुनुपर्दछ । बालबालिकाको भविष्य उज्वल वनाउन सकारात्मक विचार भएका बालोपयोगी साहित्यिक कृतिको

महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस प्रकारका साहित्यिक कृति रचना गर्न स्रष्टाहरूलाई सही र आवश्यक सल्लाहसुझाव दिनुपर्ने हुन्छ । स्रष्टालाई सल्लाहसुझाव दिने व्यक्ति समालोचक हो । समालोचकले गरेको समालोचनाका आधारमा स्रष्टाले आफ्ना कृतिहरू परिमार्जन गर्ने तथा नयाँ कृतिहरूको रचना गर्ने गर्दछ ।

बालसाहित्यको रचनासंगसंगै ती कृतिहरूको समालोचना गर्ने परिपाटिको पनि थालनी भएको छ । अहिले त्रि.वि.वि. को स्नातकोत्तर तहको नेपाली विषयका विद्यार्थीहरूले दसौं पत्रको प्रयोजनार्थ तथा नेपाली साहित्यमा विद्यावरिधि गर्नेहरूले स्रष्टा तथा तिनका कृतिहरूको खोजमूलक समालोचना गरेका हुन्छन् । त्यसैगरी स्वतन्त्र समालोचकहरूले पनि स्रष्टा र कृतिको समालोचना गर्ने क्रम बढिरहेकै छ । यस क्रममा नेपाली बालसाहित्य र तिनका स्रष्टाहरूका बारेमा शोध कार्य गरी शोधपत्रहरू तयार पारिएका छन् । विभिन्न पत्रपत्रिका तथा पुस्तकाकार कृतिहरूमा पनि समालोचना छापिएका छन् । स्रष्टा कविताराम र उनका विभिन्न कृतिहरूका पनि छिटपुट समालोचना पाइन्छन् । यति भएर पनि कवितारामको **वनदेवी** बालउपन्यासको कृतिपरक अध्ययन भएको छैन । औपन्यासिक तत्वका आधारमा विवेच्य उपन्यासको अध्ययन विश्लेषण गरिने भएकाले यो शोधकार्य स्वतः औचित्यपूर्ण देखिन्छ । यसैगरी त्रि.वि.वि. स्नातकोत्तर तहको नेपाली विषयको परिपूर्ति पनि यस शोधकार्यको औचित्य हो ।

## १.८ सीमाङ्कन

नेपाली बालसाहित्यका क्षेत्रमा धेरै साहित्यकारका धेरै कृतिहरू प्रकाशित भइसकेका छन् । ती सबै स्रष्टा र कृतिलाई यस अध्ययनले समेट्न सक्दैन् । स्रष्टा कवितारामका अन्य बालउपन्यासको कृतिपरक अध्ययन पनि यहाँ समेटिदैन । अन्य बालउपन्यासकार, बालउपन्यास र कवितारामका अन्य बालउपन्यासको यथासन्दर्भ संक्षिप्त चर्चाका साथै **वनदेवी** उपन्यासको कृतिपरक अध्ययन मात्र गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यका निम्ति सामाग्री सङ्कलन गर्दा पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । त्यसै गरी सङ्कलित सामाग्रीहरूलाई मूलतः विधागत तत्वका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : नेपाली बालसाहित्यको संक्षिप्त रूपरेखा

तेस्रो परिच्छेद : कविताराम श्रेष्ठको संक्षिप्त जीवनी र साहित्यिक रचनाधर्मिताको परिचय

चौथो परिच्छेद : **वनदेवी** उपन्यासको औपन्यासिक तत्वका आधारमा विश्लेषण

पाँचौं परिच्छेद : निष्कर्ष तथा उपसंहार

अन्तमा सन्दर्भग्रन्थसूची रहेको छ ।

परिच्छेद दुई

# नेपाली बालसाहित्यको संक्षिप्त रूपरेखा

## २.१ परिचय

नेपालमा बालसाहित्यको रचना धेरै पछाडि मात्र सुरु भएको तथ्य यसको इतिहासले स्पष्ट पार्छ । तर लिखित रूप सुरु हुनुभन्दा अगाडि रहेको लोकबालसाहित्यको परम्परालाई भने नेपालको सन्र्दभमा भुल्न सकिन्न । नेपालमा लोकसाहित्यको गौरवमय तथा विकसित लामो परम्परा रहेझैँ लोकबालसाहित्यको पनि लामो विशिष्ट परम्परा रहेको छ । नेपाली बालसाहित्यको बारेमा चर्चा गर्दा यस पक्षलाई छोडेर चर्चा गर्नु अन्यायपूर्ण हुन जान्छ, किनभने नेपाली बालसाहित्यको मूलआधार भनेको नै कथ्य परम्परामा रहेको लोकबालसाहित्य हो । अधिकांश नेपाली बालसाहित्यका पुस्तकहरू यसैमा आधारित भएर लेखिएको पाइन्छ । नेपालको सन्दर्भमा विशेष गरेर श्रुतिपरम्परामा रहेका बालगीत, बालकविता, गाउँखाने कथा, दन्त्यकथा आदि नै बालसाहित्यका पूर्वरूप हुन् । जे होस्, लोकबालसाहित्य युगौंदेखि बालबालिकाको मनलाई रञ्जित गर्ने तथा नीति-उपदेश दिने साधनका साथै आज पनि शाश्वत बालसाहित्यको रूपमा रहिरहेकै छ । त्यसैले अब यहाँ संक्षिप्त रूपमा नेपाली लोकबालसाहित्यको बारेमा चर्चा गरिन्छ ।

## २.२ लोकबालसाहित्य

माथि भनिएझैँ नेपाली बालसाहित्यको रचना र प्रकाशनको क्रम निकै पछि आएर मात्र भएको कुरा नेपाली बालसाहित्यको इतिहासले स्पष्ट पार्छ, तर नेपाली बालसाहित्यको परम्परा भने लोकबालसाहित्यसँग अविच्छिन्न भएर आएको छ ।

मानव सभ्यताको इतिहासमा अभिव्यक्तिको प्रथम सोपानका रूपमा जन्मेको जेठो साहित्य लोकसाहित्य हो । मानव समाजमा भाषाको विकास भएपछि आफ्नो ज्ञान, अनुभव, चाहना, मनोभावना, हाँसो, दुःख अभिव्यक्त गर्ने क्रममा सहज, स्वाभाविक र अकृत्रिम रूपमा लोकसाहित्यको इतिहास हजारौँ वर्ष पुरानो र ऐतिहासिक पनि छ । यसै गरी नेपाली लोकबालसाहित्यको क्षेत्रमा हाम्रो देश सम्पन्न रहेको छ । हाम्रो देशमा परापूर्वकालदेखि नै बूढीबज्यैले नातिनातिनाहरू वरिपरि राखेर कथा हाल्ने प्रचलन चलिआएको छ । नेपालको पहाडी इलाकामा यो प्रचलन अझसम्म पनि जीवित नै रहेको पाउन सकिन्छ । जे होस् परापूर्वकालदेखि नै नेपाली समाजमा अस्तित्वमा रहेका लोकबालसाहित्यको आफ्नो विशिष्ट स्थान रहेको छ ।

लोकबालसाहित्यका पनि आफ्नै विधाहरू रहेका छन् । प्रस्तुतिका आधारमा यसलाई १. बाललोकगीत /बाललोककविता, २ बाललोककथा र ३. गाउँखाने कथा गरी तीन किसिमले वर्गीकरण गर्न सकिन्छ ।

## २.२.१ बाललोकगीत /बाललोककविता

लोकबालसाहित्यमा सबैभन्दा लोकप्रिय र प्रचलित विधा बाललोकगीत र बाललोककविता नै हुन् । नेपालका पहाडी भेगहरूमा मात्र नभएर प्राय सबै ठाउँमा यसको उपस्थित रहेको छ । अझ ग्रामीण बालजीवनको त अपरिहार्य अङ्ग जस्तै भएर हुर्किएका छन् यी लोकबालगीत-कविताहरू । बालबालिकाले बुझ्न र गाउन सक्ने सरल र मिठासपूर्ण मनाोरञ्जनात्मक शैलीको लयात्मक विधानलाई नै बाललोकगीत/बाललोककविता भन्न

सकिन्छ । यसका माध्यमबाट शिशुलाई रोएको बेला फकाउनेदेखि लिएर बालबालिकाको ज्ञान, मानोरञ्जन तथा भाषिक विकासमा सहयोग पुग्दछ । यसलाई विषय, प्रस्तुति आदिका आधारमा वर्गीकरण गरेर पनि अध्ययन गर्न सकिन्छ । नेपालमा बाललोकगीत तथा बाललोककविताहरूको सङ्कलनमा काजीमान कन्दङ्वा, विपिन ढुङ्गेल, धर्मराज थापा आदिले योगदान पुऱ्याएका छन् ।

### २.२.२ बाललोककथा (दन्त्यकथा)

बालबालिकाले सबैभन्दा रुचाउने विधाको रूपमा बाललोककथालाई लिईन्छ । दन्त्यकथाका रूपमा प्रचलित यस्ता कथाहरू निकै लामा-लामा पनि हुन्छन् । यस्ता कथाहरू बालबालिकालाई हजुरबा, हजुरआमा तथा अन्य कुनै ठूला व्यक्तिले सुनाउने गर्दछन् । विशेष गरेर यस्ता कथाहरू 'एकादेशमा' ...बाट शुरु गरेर 'सुन्नेलाई सनको माला' ...भन्दै टुङ्ग्याइन्छन् । बाललोककथामा जिज्ञासा र कौतूहलको अभूतपूर्व शक्ति हुने भएकोले बालबालिकालाई यसले अत्यन्तै मन्त्रमुग्ध पार्नसक्छ । यसले गर्दा यसको प्रभाव बालबालिकाको मस्तिष्कमा अमिट रूपमा पर्दछ । बालबालिकामा नैतिक ज्ञान, सामाजिक व्यवहारकुशलता, शूरता-वीरताका भावना विकास गर्न तथा मनोरञ्जन प्रदान गर्न यसले महत्वपूर्ण भूमिका खेल्दछ । यसलाई ऐतिहासिक, धार्मिक, पौराणिक आदि विभिन्न किसिमले वर्गीकरण गर्न सकिन्छ ।

बाललोककथा (दन्त्यकथा) को सङ्कलन कार्यमा बोधविक्रम अधिकारी, सत्यमोहन जोशी, काजीमान कन्दङ्वा, धर्मराज थापा, ललितजङ्ग सिजापती, लीलसिंह कर्मा, करुणाकर वैद्य, पासाङ गोपर्मा, तुलसी दिवस, जुजुराम कुशले आदि व्यक्तिहरूले अमूल्य योगदान पुऱ्याएका छन् ।

### २.२.३ गाउँखाने कथा

गाउँखाने कथालाई  मानिसले प्राचीनकालदेखि नै जिज्ञासाको समाधान तथा मनोरञ्जन प्राप्त गर्ने साधनका रूपमा प्रयोग गर्दै आएका छन् । यो एक किसिमको कथानकहीन कथा हो । यसमा कुरैकुरामा अड्को थापेर प्रश्न सोधिन्छ र अरूबाट उत्तरको अपेक्षा गरिन्छ । प्रश्न सोधिसकेपछि त्यसको प्रतिउत्तर दिन नसक्दा कथा भन्नेले गाउँ माग्ने र उत्तर दिन नसक्नेले गाउँ दिएपछि पुनः कथा भन्नेले नै उत्तर भन्ने प्रचलन यसमा रहेको छ । गाउँखाने कथामा बौद्धिकताको पनि मिश्रण हुने भएकाले यसले धेरै साना बालबालिकामाझ चाहिँ लोकप्रियता हासिल गर्न सक्तैन । यसले बालबालिकाको चिन्तन र तर्क गर्ने शक्ति बढाउनाका साथै यो कुशल अभिव्यक्तिपूर्ण, मनोरञ्जनपूर्ण, उत्सुकतापूर्ण हुने हुनाले आजसम्म पनि प्रचलनमा रहिरहेको छ । यसलाई पनि विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गर्न  सकिन्छ ।

यसको सङ्कलन कार्यमा कृष्णप्रसाद पराजुलीको महत्वपूर्ण योगदान रहेको छ । उनले गाउँखाने कथाहरू सङ्कलन मात्र नगरेर त्यसको विश्लेषणात्मक अध्ययन गरेका छन् ।

जे होस्, नेपाली लोकबालसाहित्यको सङ्कलन प्रकाशन गरेर माथि उल्लेख गरिएका विभिन्न व्यक्तिहरूले नेपाली लोकबालसाहित्यको संरक्षण तथा जगेर्न गरेर बिर्सिनसक्नु योगदान बालसाहित्यलाई दिएका छन् ।

## २.३ लिखित बालसाहित्य

*बालबालिकाहरूका औपचारिक शिक्षाका लागि लेखिएका पाठयपुस्तक, अन्य सहायक पठनसामग्री र औपचारिक शिक्षणसिमग्रीलाई  लिखित बालसाहित्यअन्तर्गत लिन सकिन्छ*

।[१] नेपाली बालसाहित्यको इतिहासमा लिखित बालसाहित्यको सुरुआत वर्ष वि.सं. १९५८ लाई मानिन्छ । यहाँबाट सुरु भएको लिखित बालसाहित्यको इतिहासले आजसम्म निरन्तरता पाई नै रहेको छ । विशेष गरेर अनौपचारिक शिक्षण सामग्रीको रूपमा बालसाहित्य प्रकाशन गर्न थालियो । यहीँबाट नै नेपाली बालसाहित्यको इतिहासले लिखित बालसाहित्यको पनि दुई रूप भएको स्पष्ट पार्छ । यिनलाई पाठ्य र पाठ्येतर बालसाहित्य भन्न सकिन्छ ।

## २.३.१ पाठ्यबालसाहित्य

बालबालिकाका औपचारिक शिक्षाका लागि तयार गरिएका पाठ्यसामग्रीहरू पाठ्यबालसाहित्य हुन् लिखित नेपाली बालसाहित्यको इतिहासमा सर्वप्रथम यसैको अस्तित्व देखापऱ्यो । *वास्तबमा नेपाली भाषामा बालकहरूलाई पढाउने औपचारिक कार्यको प्रारम्भ श्री ३ महाराज देवशमशेरको राज्यकाल (१९५७-५८) मा स्थापित भाषा पाठशालाबाट भयो त्यसैले यस्तो शुभअवसर प्राप्त हुनेबित्तिकै वि. सं. १९५८ मा राजा जयपृथ्वीबहादुर सिंहको **बालबोध नं. १** प्रकाशित भयो र त्यो नै आजसम्म प्राप्य लिखित बालपाठ्यको पहिलो पुस्तक हो ।*[२] हुन त नेपाली बालसाहित्यको प्रारम्भिक चेष्टाका रूपमा अज्ञात लेखकको **बुद्धिचाणक** (१९३२) डमरुवल्लभ पोखरेलको **संस्कृत प्रबर्धिनी** ( १९४५) शिखरनाथ सुवेदीको **गोरखा वर्णमाला** आदि नेपालीमा प्रारम्भिक चरणमा लेखिएका बालपाठ्यसाहित्य हुन् । तर यी पुस्तकहरू आधिकारिक रूपमा प्रमाणित भइनसकेकाले सिंहको **बालबोध नं. १** लाई नै हाल नेपाली बालसासहित्यको प्रथम कृति मानिएको छ ।

[१] प्रमोद प्रधान, **नेपाली बालसाहित्यको इतिहास** (काठमाण्डौः बगर फाउन्डेसन, २०५७)पृ.२३ ।
२ चूडामणि वन्धु र अरू, **नेपाली बालसाहित्यको सर्वेक्षण**, (मा.सा.अ.स.मा प्रस्तुत अनुसन्धान पत्र, २०४२),पृ.१२

*वास्तवमा बालबालिकाहरूका लागि उपयोगी  हुने विविध विषयका पाठ्यपुस्तकहरू तयार गर्ने कार्यमा राजा जयपृथ्वीबहादुर सिंहको योगदान अद्वितीय  र अविसमरणीय छ । उनले* ***अक्षराङ्क शिक्षा*** *(१९५८) र* ***बालबोध*** *(भाग १ र २) सहित थुप्रै -बालपाठ्यपुस्कहरूको रचना गरेको देखिन्छ ।* ***स्रेस्ताबोघ*** *भाग १ र २ ,* ***पदार्थ तत्व विवेक (१९६२) इतिहास शिक्ष दर्पण*** *(१९६४),* ***भूगोल विधा*** *(१९६७),* ***प्रकृत व्याकारण*** *(१९६९)  र* ***तत्वप्रशंसा*** *(१९७०) जस्ता उनका कृतिहरू पनि बालपाठ्यसामग्रीका रूपमा अत्यन्त महत्वपूर्ण छन् ।*[३] यिनीपछि पाठ्यबालसाहित्यमा पहलमानसिंह स्वाँर **अंकेन्दुशेखर** (१९६०) लिएर देखापरेका छन्  भने  खेचरमणि आदी **शिशुबोधिनी**  (भाग-१)  तथा लेखनाथ पौड्याल **शिशुबोधिनी** (भाग २ ) लिएर वि.सं. १९६८ मा देखा पर्दछन् ।

वि.सं. १९७० मा गोर्खाभाषा प्रकाशिनी समितिको स्थापना भएपछि वि. सं. १९७२ देखि यस संस्थाले पाठ्यपुस्तकहरूको प्रकाशन गर्न थालेको देखिन्छ । यहीबाट बालपाठ्यसामग्रीको लेखन र प्रकाशनमा संस्थागत प्रयास हुन थालेको हो । यस संस्थाको स्थापना भएपछि नेपाली पाठ्यबालसाहित्यमा राममणि आ.दी, लेखनाथ पौड्यल, चक्रपाणि चालिसे, बदरीनाथ भट्टराई , रुद्रराज पाण्डे, गोपाल पाँडे 'असीम', यज्ञराज पाण्डे, रामचन्द्र अधिकारी आदि थुप्रैजना लेखकहरूका निकै ठूलो सङ्ख्यामा पुस्तकहरू प्रकाशित भएका देखिन्छन् । यस्तै गरी उनीहरूपछि बालपाठ्यपुस्तक लेखनमा जनकलाल शर्मा , बालकृष्ण पोखरेल, महानन्द सापकोटा, खड्गमान मल्ल, केशवलाल कर्माचार्य, शङ्कर लामिछाने, हर्षनाथ  भट्टराई आदि लेखकहरू उल्लेखनीय रहेका छन् । यी लेखकहरूका भन्डै चार दर्जन पुस्तकहरू विभिन्न प्रकाशनबाट प्रकाशित भएका छन् । यसबाहेक नेपालबाहिर दार्जीलिङ, वाराणसीले पनि त्यस्ता पाठ्यबालसाहित्यको लेखन र प्रकाशनमा सहयोग पुऱ्याएको  देखिन्छ । यस्त लेखकहरूमा पादरी गङ्गाप्रसाद प्रधानको नाम अग्रपङ्क्तिमा आउँछ । उनीबाहेक मिस गोलेना, बाबुलाल प्रधान, लक्ष्मीप्रसाद सापकोटा आदिको नाम उल्लेखनीय रहेको छ । यसरी नेपाल तथा नेपालबाहिरबाट देखापरेका विभिन्न

---

[३] प्रमोद प्रधान, **पूर्ववत्** , पृ.१२।

लेखकहरूका **प्रवन्ध रचना शिक्षा, गोर्खा अदालतीय शिक्षा** (भाग १-४) **कृषिशिक्षा, पत्रबोध** (भाग १-२) **स्तोत्रावली, स्वास्थ्य विज्ञान**, **नेपाली सङ्क्षिप्त रामायण, नेपालका तारा, अनुवादबोधिनी, ऐतिहासिक कहानी, हस्वदीर्घको सवई ,सचनारूर्पण** (भाग १-३), **राम्रो नेपाली साहित्य** (भाग १-७), **नेपाली व्याकरण**(भाग १-१३), **हिमाली रचना, बालनिबन्ध र पत्र परिचय, मेरो साहित्य प्राइमर** (भाग १-५), **हाम्रो साहित्य** (भाग १-८), **नेपाली शब्दशुद्धि, मीठो गीत गाउने चराको विषयमा , एक बतौरे साथी, नेपाली सजिलो साहित्य** (भाग १-४), **बालकथा, श्रीबालकथा** आदि दर्जनौँ बालपाठ्यपुस्कहरू उल्लेखनीय रहेका छन् ।

नेपालमा नयाँ शिक्षापद्धति (२०२८) लागु हुनुभन्दा अगाडि भक्तबहादुर पब्लिसर्स, रत्नपुस्तक भण्डार, सहयोगी प्रकाशन, साझा प्रकाशन, सरस्वती बुक डिपो आदि संस्थाहरूबाट बालपाठ्यसामग्रीहरूको प्रकाशन हुँदै आएको थियो । तर यसपछि भने बालपाठ्यपुस्तकको प्रकाशनमा जनक शिक्षा सामग्री केन्द्रले एकाधिकार प्राप्त गर्‍यो । हाल केही वर्ष यतादेखि अन्य प्रकाशन संस्थाहरूले पनि सहायक पाठ्यसामग्रीहरू प्रकाशन गर्न थालेका छन् । ती प्रकाशन संस्थाहरूमा नेपाली साहित्य प्रकाशन केन्द्र, एकता प्रकाशन, कोसेली प्रकाशन उल्लेखनीय रहेका छन् । यी प्रकाशनहरूबाट तारानाथ शर्मा, ठाकुर पराजुली, वासुदेव त्रिपाठी , देवीप्रसाद सुवेदी, शरच्चन्द्र वस्ती, महादेव अवस्थी, पारसमणि भण्डारी, भूपहरि पौडेल, भरतकुमार भट्टराई आदिका **सजिलो नेपाली, हाम्रो नेपाली व्याकरण** (भाग १-८), **हिमाली साहित्य शृङ्खला**, (भाग १-२) **हाम्रो भाषा** (भाग १-५), **सगरमाथा, सुगाभा, सरल नेपाली शृङ्खला , हाम्रो लालीगुराँस, नेपाली दीपिका** (भाग क ख, १-७) **नवीन नेपाली व्याकरण** (भाग १-८) आदि कृतिहरू प्रकाशित भएका छन् ।

यसरी १९५८ सालमा जयपृथ्वीबहादुर सिंहबाट सुरु भएको पाठ्यबालसाहित्यको इतिहास आजसम्म पनि निरन्तर अगाडि बढिरहेको छ । यस अवधिमा विशेष गरेर व्याकरण, चित्रकथा, कथा निबन्ध, कविताका साथै सहायक पुस्तकहरूको लेखन भएको पाइन्छ ।

यसरी अगाडि बढिरहेको पाठ्यबालसाहित्यको सम्वन्ध सरकारको शिक्षा नीति, पाठ्यक्रम र पाठ्यविषयहरूसँग हुने भएकाले सिर्जनात्मक बालसाहित्यकै उपस्थिति भने न्युन रूपमा रहने गरेको छ ।

## २.३.२ पाठ्येतर बालसाहित्य

*विद्यालयको पाठ्यसामग्रीलाई आधार नमानी स्वतन्त्रतापूर्वक लेखिएका बालपुस्तकहरू नै वास्तवमा बालसाहित्य हुन् ।*[४] यसरी लेखिएका पुस्तकहरूले नै बालसाहित्यको वास्तविक परिचय प्रदान गर्दछन् । यसअन्तर्गत काल्पनिक र वास्तविक बालसाहित्य पर्दछन् । काल्पनिक बालसाहित्य भनेर कथा, कविता, गीत, नाटक, उपन्यासलाई मान्न सकिन्छ । यी विधाहरूको लेखन प्रौढ व्यक्ति तथा स्वयम् बालबालिकाद्धारा पनि हुनसक्छ । मोटामोटी रूपमा तीनदेखि पन्ध्र वर्षसम्मका बालबालिकालाई भनेर तयार गरिने बालसाहित्यको भाषाशैली सरल सुललित, सुबोध तथा आकर्षक किसिमको हुनुपर्दछ । बालबालिकाकै लागि तयार पारिने साहित्य बालसाहित्य भएकाले यसको लागि तयार पारिएको विषयवस्तु सरल भईकन पनि आकर्षक, मनोरञ्जनात्मक तथा शिक्षामूलक हुनुपर्दछ । बालसाहित्यकारले बालबालिकाको आवश्यकता तथा चाहनाअनुसार आफूलाई प्रस्तुत गर्न सक्नुपर्दछ । यसरी हेर्दा यो बढी योजनाबद्ध कार्यको रूपमा देखापर्दछ । सामान्य साहित्य र बालसाहित्यको मुख्य भिन्नता पनि यही हो ।

नेपालमा स्वतन्त्र बालसाहित्यको परम्परा लक्ष्मीप्रसाद देवकोटाबाट सुरु भएको हो । उनको **राजकुमार प्रभाकर** (१९९७) कविता विधाबाट यसको प्रारम्भ भएको छ । हुन त उनीभन्दा अगाडि लेखनाथ पौडेलले बालसाहित्य भन्न सकिने किसिमको थुप्रै

[४] **पूर्ववत्**, पृ. २६

कविताहरूको रचना गरका छन् । तर उनका ती कविताहरू स्वतन्त्र रूपमा नभई बालपाठ्यपुस्तकमा समाहित भएर आएका छन् । त्यसैले स्वतन्त्र बालसाहित्यको प्रथम कृति देवकोटाको राजकुमार प्रभाकर नै हो । यसरी कविता विधाबाट प्रारम्भ भएको नेपाली बालसाहित्यको इतिहासमा हाल आएर विभिन्न विधाहरू देखापरिरहेका छन् । ती विधाहरूमा मुख्य गरेर गीत, कविता, कथा, उपन्यास, जीवनी, नाटक एकाङ्की, चित्र कथा, निबन्ध, यात्रासाहित्य आदि प्रमुख रहेका छन् । यहाँ यी विधाहरूको संक्षिप्त रूपमा छुट्टाछुट्टै चर्चा गरिन्छ ।

### २.३.२.१ बालगीत/बालकविता

*मनमा उठेका भाव जसले बालबालिकाको हृदयलाई रोमाञ्चित वनाउँदै आनन्दलहरीमा डुबाइदिन्छ त्यसलाई बालकविता भनिन्छ । यो लयात्मक, गेयात्मक र सङ्गीतात्मक हुन्छ । बालबालिकामा हुने जिज्ञासालाई शान्त पार्ने, उनीहरूको सिर्जनात्मक प्रतिभालाई प्रस्फुटित गराउने, उनीहरूको शब्दभण्डारलाई अभिवृद्धि गर्ने, उनीहरूको सङ्गीतचेतनालाई परिमार्जन गर्ने एवम् मनोरञ्जन समेत प्रदान गर्ने कार्यमा बालगीत र बालकविता एक सबल, सक्षम र सशक्त माध्यम भएकाले यस विधाको आफ्नै किसिमको विशिष्ट महत्व रहेको छ ।*[५] बालसाहित्यको विभिन्न विधाहरूमध्ये यो विधा निकै लोकप्रिय रहेको छ ।

नेपाली बालसाहित्यमा बालकविताको सुरुआत लेखनाथ पौडेलको **दशैं, तिहार, ईश्वरस्तुति** (गोरखा शिक्षा भाग- १ मा प्रकाशित) शीर्षकका कविताहरूबाट भएको हो । यस्तै उनको **हिउँदका दिन, पिँजराको सुगा** र **गौथलीको चिरीबिरी** शीर्षकका कविताहरू पनि प्रकाशित भएका छन् । यसरी उनले बालपाठ्यपुस्तकमा नै भए तापनि बालकविताहरू छपाएर यस सन्दर्भमा स्मरणीय वन्न पुगेका छन् । नेपालबाहिर दार्जीलिङका पारसमणि प्रधानले पनि बालपाठ्यसामाग्रीको रूपमा नै थुप्रै बालकविताहरूको रचना तथा प्रकाशन गरेका छन् ।

[५] रञ्जुश्री पराजुली, 'नेपाली बालसाहित्यबारे केही चिन्तन' **सुनकोसी**, (सुनकोसी, साहित्य सङ्गम वाराणसी: सु.सा.प्रतिष्ठन,२०५७),पृ.७३ ।

बालकविता तथा बालसाहित्यकै क्षेत्रमा स्वतन्त्रतापूर्वक कलम चलाउने प्रथम व्यक्ति भने लक्ष्मीप्रसाद देवकोटा नै हुन् । उनको **राजकुमार प्रभाकर** (१९९७) बाट नै स्वतन्त्र बालसाहित्यको परम्परा सुरुभएको हो । यसका अतिरिक्त **उनको पुतली** (२००३), **सुनको बिहान** (२०१०), **चिल्ला पातहरू** (२०२१), **छाँगासँग कुरा** (२०२६) जस्ता बालकवितासङ्ग्रहहरू र **कटक** (२०२६) जस्तो वीरगाथाकाव्य बालसाहित्यमा गहकिलो योगदानका रूपमा प्रस्तुत भएका छन् । यसरी देवकोटाबाट सुरुभएको नेपाली बालकविताको क्षेत्रमा दर्जनौ लेखकहरूले कलम चलाएर यस विधालाई नेपाली बालसाहित्यकै सबैभन्दा समुन्नत विधाका रूपमा स्थापित गरेका छन् । यस्ता लेखकहरूमा सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, रमेश विकल, कृष्णप्रसाद पराजुली, प्रेमा शाह, कल्पना प्रधान, दैवज्ञराज न्यौपाने, प्रमोद प्रधान आदि उल्लेखनीय रहेका छन् ।

### २.३.२.२ बालकथा

*बालमस्तिष्कले अँठ्याउन सक्ने खालका रमाइला विषयको एउटा प्रमुख घटनालाई समातेर त्यसैको सेरोफेरोमा केन्द्रित रहेको आख्यानलाई बालकथा भनिन्छ ।*[६] यो बालसाहित्यको एउटा प्रमुख विधा हो । बालकथा मधुर र सरल शब्दहरूमा तथा सहज र छोटा वाक्यहरूमा भनिन्छन् वा लेखिन्छन् *।....बालकथा विशेष गरी पाठककेन्द्रित हुन्छन्, लेखककेन्द्रि होइन । यस्ता कथाहरू रचना गर्दा पाठकको मानसिक स्तर, उमेर, भाषा र विषयमा विचार गरिन्छ ।*[७] बालकथाको निर्माण कथानक, संवाद, चरित्र, भाषाशैली, उद्देश्य आदि तत्वहरू मिलेर वनेको हुन्छ भने यसमा सरल तथा स्पष्ट सन्देश हुनुपर्दछ ।

---

[६] रञ्जुश्री पराजुली, **पूर्ववत्** ।

[७] तेजविलास पौडेल, बालकथा साहित्यको संरचना र प्रारूप, मधुपर्क, (पूर्णाङ्क,३२१,२०५२ फागुन), पृ. ६ ।

नेपाली बालसाहित्यको इतिहासमा पहिलो प्रकाशित **बालबोध नं. १** विभिन्न किस्साहरूका माध्यमबाट भाषिक सीप र व्यावहारिक ज्ञान दिने उद्देश्यले तयार गरिएकाले बालकथाको क्षेत्रमा यसको छुट्टै महत्व रहेको छ । यसपछि १९७० मा गो.भा.प्र.स.का स्थापना भएपछि विभिन्न लेखकका कथाहरू पाठ्यपुस्तकमा छापिएका छन् । गो.भा.प्र.स.ले वि.सं. १९९९ मा लोककथाको सङ्कलन र प्रकाशन गर्ने काम गरेको देखिन्छ । यसरी छिटपुट रूपमा वि.सं. १९५८देखि नै बालकथाहरूको लेखन तथा प्रकाशनको चेष्टा भएको देखिन्छ । तर सचेत रूपमा बालबालिकाका लागि बालकथाको आवश्यकता बोध गरी कथालेखनको परम्परा भने वि.सं. २००७ पछि मात्र भएको पाइन्छ ।

नेपाली बालकथा बालकवितापछिको दोस्रो स्थान ओगट्न सफल रहेको छ । यसको लेखनमा हाल आएर धेरै कथाकारहरूले कलम चलाउन थालेका छन् । विशेष गरेर देवकुमारी थापा, रमेश विकल, कृष्णप्रसाद पराजुली, मनिक्रम शर्मा, पोष चापागाईं, करुणाकार वैद्य आदि लेखकहरू उल्लेखनीय रहेका छन् । यसका अतिरिक्त अनुवाद तथा सम्पादनको क्षेत्रमा प्रकाश कोविद, श्यामप्रसाद शर्मा, मोहनराज शर्मा, शारदा अधिकारी आदि उल्लेखनीय रहेका छन् । बालसाहित्यको यो विधा निकै उर्वर हुनाका साथै सम्पन्न पनि रहेको छ ।

### २.३.२.३ बालउपन्यास

बालउपन्यास एक त्यस्तो विधा हो जसमा काल्पनिक व्यक्ति (पात्र) हरूको कार्यव्यापारद्वारा घटनालाई व्यवस्थित र शृङ्खलित रूपमा विविध संरचनात्मक एकाइहरूलाई सङ्गठित गरेर ठूलो आयाम तथा व्यापक आख्यानलाई समेटी गद्य रूपमा तयार पारिएको हुन्छ । यसमा विषयवस्तुसँग सम्बन्धित चित्र पनि प्रयोग गर्न सकिन्छ । बालउपन्यास लेखनमा सङ्क्षिप्तता, सरलता, रोचकता आदिमा बढी ध्यान दिनुपर्दछ भने सरल कथावस्तु, थोरै

पात्र, रोचक प्रस्तुति, बालोचित भाषाको प्रयोग त झन् बालउपन्यासको प्राण नै हो । बालबालिकाहरूले कौतूहलपूर्ण र मनोरञ्जक कथा रुचाउने भएकाले तदनुरूपको कथावस्तु हुनु पनि बालउपन्यासमा अनिवार्यजस्तै हुन्छ । यसमा पनि बालकथाका प्राय :सबै तत्वहरू अङ्गीभूत भएका हुन्छन् । बालबालिकाहरूलाई यस विधामार्फत ज्ञान, सूचना, मनोरञ्जन र यथार्थ संसारको बृहत् जानकारी दिन सकिन्छ ।

### २.३.२.४ चित्रकथा

कथाको क्रमबद्ध विकास र घटना शृङ्खलासँग मिल्ने किसिमको सम्बन्धित चित्रसहित तयार पारिएको रचना चित्रकथा हो । बालबालिकामा निश्चय नै भाषिक तथा शब्दज्ञान कम हुन्छ । यस अवस्थामा चित्रहरूद्वारा उनीहरूलाई धेरै कुरा बुझाउन सकिने भएकाले यो विधा बालबालिकाका लागि ज्यादै उपयोगी तथा आवश्यक विधाको रूपमा रहेको छ । यसमा चित्रले बालबालिकालाई मनोरञ्जन दिलाउन महत्वपूर्ण भूमिका खेल्छ । चित्रकथामा कथा चित्रहरूका माध्यमबाट नै प्रस्तुत हुने भएकाले सकेसम्म शब्द तथा चित्रको भूमिका नै विशेष रूपमा रहेको हुन्छ । चित्रकथाले मनोरञ्जनका साथै बालबालिकालाई पठनपाठन, शिक्षा, साहित्य, कला, ज्ञानविज्ञान आदि कुराहरूमा रुचि जगाउन ठूलो भूमिका खेल्छ ।

नेपाली भाषामा चित्रकथाको लेखन वि.सं. २०३६ देखि थालिएको हो । निकै पछि मात्र लेख्न थालिए तापनि यस क्षेत्रमा निकै स्रष्टाहरूले कलम चलाएका छन् । तिनीहरूमा विजय चालीसे, बालगोपाल कपाली, श्यामलाल श्रेष्ठ, मनुजबाबु मिश्र, आभा मिश्र, रामबाबु सुवेदी, वंशी श्रेष्ठ, शाश्वत पराजुली, शान्तदास मानन्धरलगायत दर्जनौँ स्रष्टाहरूका कृतिहरू प्रकाशित भइसकेका छन् ।

### २.३.२.५ बालोपयोगी जीवनी

*व्यक्तिविशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्यरचनालाई जीवनी साहित्य भनिन्छ* ।[८] यसरी लेखिने साहित्य जब बालबालिकाहरूलाई ध्यानमा राखेर उनीहरूको ग्रहण क्षमताअनुरूप तयार गरिन्छ त्यो बालोपयोगी जीवनी बन्छ । कुनै पनि व्यक्तिको जीवनको वर्णन मात्र गरेर भने जीवनी साहित्य बन्न सक्तैन । यसमा कलात्मकता पनि हुनुपर्दछ । तर कलाको प्रयोग गर्दा सम्बन्धित व्यक्तिको जन्म, बाल्यकाल, प्रमुख घटना, विचार आदि तथ्यहरूलाई भने प्रस्तुत गरेकैहुनुपर्दछ । जुन कुरा बालबालिकाको प्रेरणाको स्रोत बन्नसक्छ । बालकहरूलई काल्पनिक कथा सुनाएर शिक्षा दिनुभन्दा महान् व्यक्तिहरूका जीवनका विविध पक्षहरूलाई समेटेर लेखिएको जीवनीले सकारात्मक प्रभाव पार्नसक्छ ।

नेपाली बालसाहित्यमा अहिलेसम्मको खोजले प्राप्त गरेको बालोपयोगी जीवनीको प्रथम कृति **पुण्यात्मा आमा** (२००९) हो । यो बालसाहित्यकार देवकुमारी थापाद्वारा लेखिएको हो । उनीपछि यस क्षत्रमा चूडामणि बन्धु ,बदरीनाथ भट्टराई, बालकृष्ण सम, दैवज्ञराज न्यौपाने, गोपाल पराजुली, भिक्टर प्रधान, रमेश विकल, विजय चालिसे, कृष्णप्रसाद पराजुली आदि लेखकहरूले कलम चलाएका छन् ।

### २.३.२.६ बालनाटक/बालएकाङ्की

बोलचालको सरल भाषा, बालसुलभ छोटा र स्पष्ट संवाद, थोरै पात्रका साथै रोचक र कौतूहलपूर्ण कथाको प्रयोग गरी मञ्चन गर्न सकिने किसिमले तयार पारिएको विधालाई

[८] दयाराम श्रेष्ठ, 'नेपाली जीवनी साहित्य', नपाली साहित्यको सङ्क्षिप्त इतिहास, (छैटौँ संस्करण, ललितपुरः सा.प्र., २०५९(,पृ.१७० ।

बालनाटक /बालएकाङ्की भनिन्छ । बालसाहित्यको रूपमा बालनाटकको लेखन धेरै कम मात्रामा मात्र भएको छ ।

बालबालिका स्वभावैले  मनोरञ्जनप्रिय हुन्छन् । बालनाटकले मनोरञ्जनका साथ-साथै उनीहरूमा रहेको प्रतिभालाई प्रस्फुटित गराउन पनि सहयोग पुऱ्याउँछ । यसका अतिरिक्त बालसाहित्यका अन्य विधाहरूले दिने शिक्षा, मनोरञ्जन आदिका साथ बालबालिकाहरूमा शब्दभण्डारको कमी, वाक्यरचना, भावगुम्फन आदिका कारणले बुझ्न कठिन हुने समस्याको समाधन (बालनाटकमा संवादका साथसाथै अभिनय गरिने हुनाले) पनि गर्नसक्दछ ।

नेपाली बालसाहित्यमा यस विधाको लेखन धेरैपछि आएर मात्र भएको छ । जसले गर्दा यो विधा सङ्ख्यात्मक तथा गुणात्मक दृष्टिबाट निकै पछि परेको छ । बालसाहित्यकार रमेश विकलको वि.सं. २०३७ मा प्रकाशित **सात थुङ्गा** नै नेपालीमा पहिलो बालएकाङ्की हो । यसपछि आएर विजय चालीसे, सरुभक्त, जयराज रेग्मी, शारदारमण नेपाल आदि लेखकहरूले सीमित सङ्ख्यामा मात्र बालनाटक/बालएकाङ्की रचना गरेका छन् । फुटकर रूपमा भने **बालक, ध्रुवतारा, बालपोष, बालकोसेली, मुना, किशोर, सुनकेस्रा** आदि बालपत्रिकाहरूमा फाटफुट रूपमा बालनाटक /बालएकाङ्की प्रकाशित भएका छन् ।

नेपाली बालनाटकको मञ्चनमा भने सर्वनाम नाट्यसमूहको योगदान उल्लेखनीय रहेको छ । यस समूहले वि.सं. २०४३ र २०४६ मा **नानीहरूको, नाटक मेला** र २०५० सालमा सडक नाटकको प्रदर्शन गरेको थियो । तर यस्ता कार्यहरू हाल दशकौं बितिसक्दा पनि आयोजना हुन नसक्नु एउटा दःखदायी विषय वनेर देखापरेको छ भने रेडियो नेपाल आदि सञ्चार माध्यमबाट यसको केही हदसम्म पूर्ति भने भई नै रहेको छ ।

### २.३.२.७ बालनिबन्ध

कुनै विषयको वर्णन वा प्रतिपादन गरेर बालोपयोगी किसिमले तयार पारिएको कृतिलाई बालनिबन्ध भन्न सकिन्छ । यसमा कुनै पनि विषयमा केन्द्रित रही त्यससम्वन्धी विचार वा भावलाई वर्णनात्मक तथा विवरणात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । यस विधाको लेखन तुलनात्मक रूपमा हेर्दा बालनाटकको भन्दा पनि कम रहेको छ । जनकलाल शर्माको **चिठ्ठीपत्र र निबन्ध**, बालकृष्ण पोखरेलको **हिमाली रचना**, गोपाल पराजुलीको **नानीको बानी**, सोहनलाल सञ्तिकारको **चौध चौपाया**, जनकप्रसाद हुमागाईंको **शब्दज्ञान** आदि निवन्धात्मक कृतिहरू बालसाहित्यका रूपमा प्रकाशित भएका देखिन्छन् ।

### २.३.२.८ बालयात्रासाहित्य

*केटाकेटीको उमेर सुहाउने अर्थात् उनीहरूले बुझ्ने गरी यात्रा वर्णन गर्दै लेखिएको साहित्यलाई बालयात्रासाहित्य भनिन्छ ।*[९] यस विधामा पनि अत्यन्त कम स्रष्टाहरूले मात्र कलम चलाएका छन् । यस विधाबाट बालबालिकालाई ज्ञान तथा मनोरञ्नज दिन तेजप्रकाश श्रेष्ठ, भूपहरि पौड्याल आदि लेखकहरू लागिपरेका देखिन्छन् ।

### २.३.२.९ विविध

माथि उल्लेख गरिएका विधाहरूका अतिरिक्त विज्ञान, मनोविज्ञान, शब्दकोश, कमिक्स ( हाँस्यचित्र), व्याकरण, परिचय, सूचनामूलक सामग्री कार्टुन चित्र, चित्रकविता, स्वास्थ्य कथा जस्ता विभिन्न उद्देश्य र शैलीमा लेखिएका बालसाहित्यलाई यसअन्तर्गत राख्न सकिन्छ । यस्ता कृतिहरूमा **नेपाली बालशब्दकोश, मान्छे भैंसी र मुरी चामलको भात, लोलीबोली, आफ्नो हेरविचार आफैं गर, गरेर हेरौं, इतिहासका कुरा, चार डाला नाक,**

[९] रञ्जुश्री पराजुली, पूर्ववत्, पृ. ७४ ।

**पृथ्वीको कथा, राम्रो नराम्रो, बुद्धिबङ्गाराको फोन १,२,३, मैले कसरी लेख्न सकें, म बोर्ड फस्ट हुनाका सूत्रहरू, प्रारम्भिक बालविकास** आदि कृतिहरूलाई लिन सकिन्छ ।

यसरी पाठ्येतर बालसाहित्यअन्तर्गत विविध विधामा सिर्जनात्मक कार्यहरू निरन्तर भई नै रहेका छन् । तर पनि कुनै विधा एकदमै समुन्नत वनेर गएको छ भने कुनै विधामा चाहि कलम चलाउन कन्जुस्याइँ गरेको जस्तो देखिन्छ । यसका लागि लेखकहरूले कम्मर कसेर रचनात्मक ढङ्गमा विभिन्न विधामा कलम चलाउनुपर्ने देखिन्छ ।

## २.३.३ अनुवाद बालसाहित्य

*नेपाली भाषामा विदेशी बालसाहित्यको अनुवाद गरी नेपाली बालबालिकालाई उत्कृष्ट एवं चर्चित बालसाहित्य पनि दिने प्रयास भइरहेको छ । विशेष गरेर रामायण र महाभारतका कथालाई अनुवाद एवं संक्षिप्त वनाई नेपाली बालबालिकासमक्ष पुऱ्याउने प्रयास धेरै जनाले गरेका छन् । प्रकाश कोविद, कविता शशी र चन्द्रबहादुर थापाले यस्तो प्रयास गरेको पाइको छ ।*[१०] अनुवाद बालसाहित्यमा विशेष गरेर हिन्दी, अङ्ग्रेजी र रुसी भाषाबाट अनुवाद गरेका बालसाहित्यिक कृतिहरूको सङ्ख्या बढी छ । यस्ता अनुवादित कृतिहरूमा **गुलिभरको यात्रा, अरबका दुई फुल, अनौठो देशमा एलिस, बामपुड्केको देश, अनौठो भूमिमा एलिस, इन्द्रजाली रूख, परिवर्तन, विश्वप्रसिद्ध बालकथाहरू (भाग १,२,३,४,र ५) रानी वनको बाँसुरी, सलाई बेच्ने केटी, हिउँकी रानी, दयालु रूख, नीला डल्फिनहरूको टापु, अज्ञानी भालुको बच्चा , नीलो कप, फुच्चे चरो, सान्नानी र हात्ती, जापानका केही अचम्म लाग्दा कथाहरू, बलदेव जुजुको पन्छी, आउ परी देशैभरि** आदि लगायतका दर्जनौं कृतिहरू रहेका छन् । यस्तै गरी अनुवादकहरूमा प्रकाश कोविद, चूडामणि वन्धु, विजय चालिसे, क्षेत्रप्रताप अधिकारी ,गोविन्दराज भट्टराई, कृष्णप्रसाद श्रेष्ठ, राजेन्द्र मास्के,

---

[१०] प्रमोल प्रधान, 'नेपाली बालसाहित्यको सङ्क्षिप्त विश्लेषणत्मक अध्ययन', 'गरिमा', (पूर्णाङ्क १३७, २०५१), पृ. ३८२ ।

सूर्यप्रसाद पौडेल, भिक्टर प्रधान, कृष्णप्रसाद श्रेष्ठ, कुशल रेग्मी, खगेन्द्र सङ्ग्रौला आदि उल्लेखनीय रहेका छन् ।

नेपालमा बालसाहित्यको सुरुआत तथा विकास धेरैपछि आएर मात्र भएको हुँदा बालसाहित्यको उचित विकास हुन नसक्नु कुनै अनौठो कुरो होइन । तथापि यस स्थितिमा ज्ञान-विज्ञानका विविध क्षेत्रहरूलाई समेटेर विषय र शैलीगत विविधता बोकेका पुस्तकहरूको अनुवादको कार्य आरम्भ हुनु नेपाली बालसाहित्यको विकासका लागि सकासात्मक कदम मान्न सकिन्छ । तर विश्वबालसाहित्यमा देखापरेका उत्कृष्ट बालसाहित्यका पुस्तकहरू अनुवाद गरी प्रकाशन गर्ने तथा गराउने कार्यमा भने त्यति ध्यान पुगेको देखिँदैन । अर्थात् नेपाली बालबालिकालाई समयानुकूल र स्तरीय बालसाहित्य दिनु आजको आवश्यकता हो । बालसाहित्यको अनुवादको यस परम्परालाई निरन्तर अगाडि बढाएर नेपाली बालसाहित्यलाई विश्वका अन्य भाषाका बालसाहित्यको उचाइमा पुऱ्याउनु आवश्यक छ ।

# परिच्छेद तीन

## कविताराम श्रेष्ठको साहित्यिक रचनाधर्मिताको परिचय

### ३.१ कविताराम श्रेष्ठको परिचय

### ३.१.१ पैतृक पृष्ठभूमि

साहित्यकार कविताराम (वास्तविक नाम रामबहादुर श्रेष्ठ) को पिताको नाम नन्दराम श्रेष्ठ हो । उनका बाजे जीतबहादुर हुलाकीको रूपमा जागिरे थिए । उनका जिजुबाको नाम लक्ष्मीविलास श्रेष्ठ हो । जीतबहादुरले ल्याइते र ब्याइते गरी सातवटी श्रीमती विवाह गरेका थिए । कवितारामका पिता नन्दराम ल्याइतेपट्टिका एक मात्र सन्तान थिए । उनी ल्याइतेपट्टिका सन्तान भएकै कारणले उनले पुर्ख्यौली सम्पति पाएनन् । उनले आफ्नो मिहिनेत र बुद्धिले व्यापार गरी जीविका चलाएका थिए । वि.सं.२०१८ सालमा उनी ओखलढुङ्गाबाट धरान बसाइँ सरे । श्रेष्ठ परिवारको पुर्ख्यौली थलो भने भक्तपुर हो ।

### ३.१.२ जन्म, बाल्यकाल र शिक्षादीक्षा

साहित्यकार कविताराम श्रेष्ठको जन्म वि.सं. २००४ साल माघ ११ गते ओखलढुङ्गाको रामबजारमा भएको हो । परिश्रमी, सचेत र व्यापारीका जेष्ठा सुपुत्रका रूपमा जन्मेका कवितारामको बाल्यकाल लालनपालन र स्याहारसुसारका दृष्टिले सुखद थियो ।

*कवितारामका पिताले कवितारामलाई घरैमा आफैले साधारण नेपाली लेखपढ गर्न सिकाएपछि ओखलढुङ्गाको 'सगरमाथा मिडिल स्कुल' धरमभकारीमा भर्ना गरिदिए ।*[११] कक्षा नौ उत्तीर्ण भएपछि कक्षा १० पढ्न बसाइँसराइका कारणले धरान गए । वि.सं.२०२० सालमा द्वितीय श्रेणीमा एस्.एल्.सी. उत्तीर्ण भई २०२२ सालमा आई.कम.उत्तीर्ण गरे । वि.सं. २०२८ सालमा उनले कला विषयमा तृतीय श्रेणीमा स्नातक तह उत्तीर्ण गरे । यसपछि उनी त्रि.वि. मा सँस्कृति विषय लिई स्नातकोत्तर पढ्न थाले । प्रथम वर्षको परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे तर पिता नन्दरामको देहावसानले गर्दा दोस्रो वर्षको परीक्षा दिन पाएनन् । उनको अध्ययन टुट्न गयो । त्यसपछि कार्यालयको कामसँग सम्बन्धित विषय भएकाले आग्रा विश्वविद्यालय पुगी समाजशास्त्र अध्ययनको फारम भरी आए । उनले ५९% अङ्क ल्याई दोस्रो श्रेणीका स्नातकोत्तर परीक्षा उत्तीर्ण गरे । उनलाई पी.एच्.डी. को  प्रमाणपत्रको आवश्यक्ता भयो । अनुसन्धानको क्षेत्रमा काम गरेका ३८ वटा प्रमाणपत्र प्रस्तुत गरेपछि भने उनले पी. एच्. डी अध्ययनको अनुमति पाए । सन् १९९७ मा उनले **सोसियोकल्च्रल आस्पेक्ट अफ द ग्याप विट्विन नलेज एन्ड प्राक्टिस एमोङ्स्ट होम केयर टेकर्स अफ चाइल्डहुड डायरिया इन रुरल नेपाल** ("Sociocultural Aspects of the Gap between knowledge and PRACTICE amongst HOME caretakers of childhood diarrhoea in RURAL NEPAL ) शीर्षकमा उनले त्यहाँबाट विद्यावारिधि उपाधि प्राप्त गरे ।

## ३.१.३ पारिवारिक स्थिति

---

[११] गोपाल खतिवडा,साहित्यकार **कविताराम श्रेष्ठको जीवनी,व्यक्तित्व र कृतित्वको क अध्ययन**, रत्नराज्यलक्ष्मी क्याम्पस (त्रि.वि., अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, २०५९), पृ. १९ ।

कविताराम पिता नन्दरामका ४ भाइ छोरा र २ छोरीमध्ये जेठा सन्तान हुन् । उनका बालकुमारी र इन्द्रकुमारी गरी २ बहिनी छन् । कुन्दन, बेनु र यनु उनका २ बहिनीपछिका ३ भाइ हुन् । कवितारामको विवाह १३ वर्षकै उमेरमा छिमेकी जिल्ला खोटाङ पिपलडाँडाको पहलमानसिंह साहुकी छोरी चन्द्रा श्रेष्ठसँग भयो । श्रेष्ठका छोरी रश्मी, छोरा रोज अनि छोरी रजनी गरी ३ सन्तान छन् । तीनै सन्तान आ-आफ्नो बाटामा सफलताका साथ सक्रिय रहेकाले श्रेष्ठको पारिवारिक जीवन सुखद छ ।

## ३.१.४ प्रेरणा र प्रभाव

*साहित्यकार कविताराम श्रेष्ठ व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याउने पहिलो प्रेरकका रूपमा आफ्नै पितालाई लिन्छन् ।*[१२] ओखलढुङ्गा बजारको नेवार समुदायमा वर्षेनी विभिन्न चाडबाडमा जात्राहरू भइरहन्थे । छोरो लजालु स्वभावको भयो भन्ने चिन्ताले नन्दरामले कवितारामलाई ती जात्राहरूमा प्रवृत्त गराए । *हिन्दी गीतमा नाच्नु पर्ने भएकाले उनलाई आफ्नै मौलिक नेपाली गीतमा नाच्ने इच्छा भयो । फलस्वरूप आठ-नौ वर्षकै उमेरमा उनले नेपाली भाषामा गीत रचना गरे।*[१३]

तत्कालीन विद्वान् काङ्ग्रेसी नेता देवराज ढकाल कवितारमका दोस्रा प्रेरकका रूपमा थिए । उनले कवितारामलाई दिएको प्रेरणाले गर्दा नै कविताराम **वनमारा** शीर्षकको निवन्ध लेख्न सफल भएका थिए ।

कवितारामको व्यक्तित्व विकास गर्ने अर्का प्रेरक व्यक्ति भीमप्रसाद हुन् । भीमप्रसाद श्रेष्ठ काठमाडौँको अध्ययनपश्चात् वि.सं.२०१७ सालमा ओखलढुङ्गा फर्केर शिक्षण पेशामा

---

[१२] यशोदा कुँवर (सुवेदी),**कवितारामका बालउपन्यासको अध्ययन,** रत्नराज्यलक्ष्मी क्याम्पस (त्रि.वि., अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, २०६२), पृ. ६ ।

[१३] पूर्ववत्, पृ.७ ।

लागेका थिए । उनकै प्रेरणा र सहयोगमा कवितारामले कसरी कविता रच्नुपर्छ भन्ने जाने । *भीमप्रसादले सम्पादन गरेको 'जूनकिरी' भित्ते पत्रिकाको कारणले नै वि. सं २०१८ सम्ममा कविताराम दैनिक १/२ वटा कविता लेख्ने भएका थिए ।*[१४]

ओखलढुङगाबाट धरान बसाइँ सरेपछि कविताराम साहित्य सिर्जनामा झन् प्रेरित भए । कक्षाका चारजना रामहरूमध्ये गुरुहरूले उनलाई कविता लेख्नेचाहिँ रामका रूपमा बोलाउन थाले । छोटो समयमै उनी कवितारामका रूपमा चिनिए । यसबाट उनलाई साहित्यक गतिविधिमा लाग्न झन् हौसला मिल्यो ।

### ३.१.५ साहित्य सृजना

कवितारामका पिताको प्रकाशन धरानबाट सुरु भयो । सर्वप्रथम **प्रेरणा** पत्रिकामा वि.सं. २०२२ सालमा उनको **सिन्दुर** शीर्षकको कविता छापियो । यसै वर्ष भवानी घिमिरेको **भानु** पत्रिकाको वर्ष २ किरण-५ कार्तिकमा **कवि चक्का कुम्हालेको** शीर्षकको कविता छापिया । उनको साहित्य लेखनमा प्रेरणा दिने र सहयोग पुऱ्याउने व्यत्तिका रूपमा उनी धरानमा गोपालराज जोशी र काठमाडौँमा परशु प्रधानको नाम गर्वका साथ लिन्छन् । यसरी २०२२ सालमा औपचारिक रूपमा कविता विधाबाट साहित्यमा प्रवेश गरेका कवितारामले साहित्यका कथा, निवनध, नाटक, उपन्यास, बालकथा, चलचित्र, बालउपन्यास जस्ता विविध विधामा कलम-चलाउँदै आएका छन् । हालसम्म उनका दुई दर्जनजति पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् भने आधा दर्जनजति शीघ्र प्रकाशोन्मुख छन् । साहित्यका विविध विधामा कलम चलाउने श्रेष्ठका प्रकाशित कृतिलाई निम्नानुसार सूचीबद्ध गरिएको छ ।

---

[१४] पूर्ववत्, पृ. ८ ।

| फुटकर कविता | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|
| सिन्दुर | वि.सं.२०२२ | प्रेरणा पत्रिका, धरान |
| कवि चक्का कुम्हालेको | वि.सं.२०२२ | भानु पत्रिका, काठमाडौँ |
| घोषणापत्र | वि.सं.२०२८ | ॥मन्त्र॥६ पत्रिका,काठमाडौँ |
| सडकमा कविताराम | वि.सं.२०२८ | ॥मन्त्र॥६ पत्रिका,काठमाडौँ |

| निवनधसङ्ग्रह | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|
| मेरो अस्वीकृत मान्यताहरू | वि.सं.२०३६ | अभिव्यक्ति प्रकाशन,काठमाडौँ |
| के किन भनियो ? | वि.सं.२०५८ | बगर फाउण्डेशन, नेपाल |

| नाटक | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|
| स्वभावगीता | वि.सं.२०४८ | सारसङ्ग्रह प्रकाशन,काठमाडौँ |

| कथासङ्ग्रह | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|
| कालो कथा | वि.सं.२०३६ | सारसङ्ग्रह प्रकाशन, काठमाडौँ |
| प्रलाप | वि.सं.२०३७ | सारसङ्ग्रह प्रकाशन,काठमाडौँ |
| मुक्ति सङ्घर्षका अस्वीकृत कथाहरू | वि.सं.२०४७ | सारसङ्ग्रह प्रकाशन, काठमाडौँ |

| उपन्यास | प्रकाशन वर्ष | प्रकाशन |
|---|---|---|
| वकपत्र | वि.सं.२०४६ | सारसङ्ग्रह प्रकाशन, काठमाडौँ |
| कुकुरको कथा | वि.सं.२०५९ | नागार्जुन साहित्यिक प्रतिष्ठान, काठमाडौँ |

| चलचित्र लेखन | प्रकाशन वर्ष | प्रकाशन |
|---|---|---|
| रहस्यमय गुफा | वि.सं.२०४५ | मञ्जुश्री फिल्मस् प्रा.ली,काठमाडौँ |
| मुक्ति सङ्घर्ष | वि.सं.२०४८ | मञ्जुश्री फिल्मस् प्रा.ली,काठमाडौँ |

| बालकथासङ्ग्रह | प्रकाशन वर्ष | प्रकाशन |
|---|---|---|
| बुद्धिबङ्गाराको फोन (भाग १) | वि.सं.२०५५ | सिर्जनशील प्रकाशन, काठमाडौँ |
| बुद्धिबङ्गाराको फोन (भाग २) | वि.सं.२०५५ | सिर्जनशील प्रकाशन, काठमाडौँ |
| बुद्धिबङ्गाराको फोन (भाग ३) | वि.सं.२०५५ | सिर्जनशील प्रकाशन, काठमाडौँ |

| बालउपन्यास | प्रकाशन वर्ष | प्रकाशन |
|---|---|---|

| | | |
|---|---|---|
| वनदेवी | वि.सं.२०३६ | साझा प्रकाशन, काठमाडौँ |
| पानिको थोपा | वि.सं.२०३८ | साझा प्रकाशन, काठमाडौँ |
| कमिलाको कथा | वि.सं.२०४६ | बालकोसेली प्रकाशन, काठमाडौँ |
| अनौठो यात्रा | वि.सं.२०५८ | साझा प्रकाशन, काठमाडौँ |
| मावलीको यात्रा | वि.सं.२०५९ | साझा प्रकाशन, काठमाडौँ |

कविताराम श्रेष्ठका अङ्ग्रेजी भाषामा प्रकाशित कृतिहरू निम्नलिखित छन्:

Novel

Confession 1995 A.D

FOLKTALES

FROM THE MANGO TREE and OTHER FROM NEPAL 1996 A.D

Ph .D. Thesis

Sociocultural Aspects of the Gap between knowledge and practice amongst Home Caretakers of Childhood Diarrhoea in Rural Nepal - 1997 A.D.

यी कृतिमध्ये Confession नेपाली उपन्यास 'बकपत्र' को अनुवाद हो ।

### ३.१.६ साहित्यिक सेवा पुरस्कार र सम्मान

कवितारामले नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याएका छन् । उनीबाट सृजना भएका विविध कृतिहरूले उनलाई पुरस्कृत र सम्मानित तुल्याएका छन् । *उनको **वनदेवी** बालउपन्यास अन्तराष्ट्रिय फरेस्ट्री प्रोजेक्टद्वारा सन् १९८० मा उत्कृष्ट पुस्तकको रूपमा पुरस्कृत छ ।* [१५] उनको दोस्रो बालउपन्यास **पानीको थोपा** अन्तर्राष्ट्रिय बाल वर्ष सन् १९८३ को उपलक्ष्यमा सर्वोत्कृष्ट पुस्तकको रूपमा पुरस्कृत भएको थियो । उनको तेस्रो

[१५] पूर्ववत्, पृ.९ ।

बालउपन्यास **कमिलाको कथा** २०४९ को सर्बोत्कृष्ट लेखनको लागि बालसाहित्य समाजले पुरस्कृत गरेको छ । उनको भिडियो चलचित्र **मुक्तिसङ्घर्ष**ले वि.सं. २०४८ सालको भिडियो चलचित्र अभिनयतर्फका दुईवटा पुरस्कार स्वयं कवितारामले नै प्राप्त गरेका थिए । यस चलचित्रले सन् १९९४ सेप्टेम्वर २६ देखि अक्टोवर ४ सम्म उत्तर कोरियाको प्योङयाङमा सञ्चालित असंग्लन राष्ट्र तथा तेस्रो विश्वको चौथो अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा भाग लिएर ३५ एम्.एम्. का सोलोलाइट चलचित्रहरू माझमा एसिया-अफ्रिका सोलिडारिटी अवार्ड प्राप्त गऱ्यो । नेपालको इज्जत अन्तर्राष्ट्रिय क्षेत्रमा बढाएकाले **अन्तर्राष्ट्रिय मञ्च** मासिकले कविताराम श्रेष्ठ वर्षको सर्वश्रेष्ठ युवा घोषित गरी सम्मान गऱ्यो ।

## ३.२ कविताराम श्रेष्ठका कृति लेखनका विविध आयाम

### ३.२.१ गीतसङ्गीतकार कविताराम

कविताराम ओखलढुङ्गा बजारको नेवारी साँस्कृतिक परिवेशमा हुर्केका थिए । नेवारी साँस्कृतिक जात्राहरूमा उनलाई केटी वनाई नचाइन्थ्यो । नृत्यले उनलाई सङ्गीततर्फ पनि आकर्षित गऱ्यो त्यसैले उनी सङ्गीत पनि सिक्न थाले । *सधैं हिन्दी गीतमा नाच्ने कवितारामको मनमा के नेपाली मौलिक गीतमा नाच्न सकिँदैन भन्ने जिज्ञासा उब्ज्यो । उनले आठ नौ वर्षको उमेरमा नेपाली भाषामा गीत रचना गरे । वि.सं.२०१३ सालमा राजा महेन्द्र ओखलढुङ्गा सवारी हुँदा* ***यो स्कुललाई क्याम्पस वनाइदेऊ*** *बोलको अनुरोध गीत लेखी सुनाए ।*[१६] उनले वि.स. २०१५ सालको संसदीय चुनावमा नेपाली काङ्ग्रेसको तर्फबाट भोट माग्न गीत लेखे । दोलखाको भीम हाइस्कुलमा शिक्षकका रूपमा कार्यरत रहँदा छात्रछात्रालाई मौलिक नेपाली गीतहरू लेखी गाउन सिकाए । उनले त्याहाँ

[१६] गोविन्द गिरी 'प्रेरण' 'कवितारामसँग कुराकानी' **तन्नेरी,(वष२४,** अङ्क१,,पृ.२३२-२३८।,

प्रधानाध्यापक मेघराजद्वारा रचित **मेला छ यहाँ शिक्षाको माता आइदेऊ शारदे** ...बोलको गीतमा सर्वप्रथम आफ्नो लय प्रदान गरे ।

नेपाल टेलिभिजनका लागि **माटो बोल्छ** धारावाहिक चलभित्रमा पनि उनले गीत लेखेका छन् । उनी आफैले निर्माण गरेको **मुक्तिसङ्घर्ष** भिडियो फिल्मको गीत लेख्ने र सङ्गीत दिने काम पनि आफैँले गरेका थिए । बालचलचित्र **रहस्यमय गुफा**को गीत लेखक र सङ्गीतकार पनि उनी आफै हुन् ।

यी बाहेक कवितारामले एड्सबारे जनचेतना फैलाउने गीतहरू पनि रचना गरेका छन् । उनले रचेका गीतहरू रेडियो नेपालबाट उषाकिरण अधिकारी र भक्तराज आचार्यका स्वरमा गाइएका सुनिन्छन् । उनका बालगीतहरू सङ्कलन गरी स्वर्ण शिक्षा इङ्लिस बोर्डिङ स्कुल, गोकर्णले क्यासेटको रूपमा बजारमा ल्याएको छ । हलसम्म उनका गीतहरू पुस्तकाकार रूपमा भने प्रकाशित छैनन् ।

## ३.२.२ कवि कविताराम

कवितारामले विद्यालयीय जीवनदेखि नै कविता लेखने कार्यको आरम्भ गरेका हुन् । *वि.सं. २०१७ सालमा उनले पहिलोपटक विद्यालयबाट प्रकाशित हस्तलिखित* ***जूनकिरी*** *भित्ते पत्रिकामा* ***काल*** *शीर्षकको कविता प्रकाशन गरे ।*[१७] उनको प्रथमपटक छापिएको कविता **सिन्दुर** हो । यो वि.सं. २०२२ सालमा धरानबाट प्रकाशित भएको हो । यसै वर्ष काठमाडौँबाट भवानी घिमिरेको **भानु** वर्ष २, किरण ५, कात्तिकमा **कवि चक्का कुम्हालेको** शीर्षकको कविता प्रकाशित भयो । त्यसपछि २०२६ सालमा उनको अर्को कविता **घोषणपत्र** र २०२८ सालमा **सडकमा कविताराम** (**॥मन्त्र॥** ६ मा) प्रकाशित छन् । त्यसपछि पनि कवितारामका केही कविताहरू प्रकाशित भए पनि हालसम्म पुस्तकाकार

[१७] यशोदा कुँवर, **पूर्ववत्**, पृ.,११ ।

रूपमा उनका कविता आएका छैनन् । उनको **काल** शीर्षकको कवितामा प्रकृतिको महिमागान पाइन्छ भने **कवि चक्का कुम्हालेको** मा मानिसको जीवनमा आरोह र अवरोह आइरहन्छन् भन्ने भाव पाइन्छ । त्यसपछिका कविताहरूमा कवितारामले विद्रोही भाव व्यक्त गरेका छन् । सामाजिक, राजनीतिक, प्रशासनिक मूल्य र मान्यताले समाजमा वर्गको सिर्जना गरेको, तल्लो वर्ग माथिल्लो वर्गबाट शोषित र पीडित भएको कुरा तल्लो वर्गको पक्षबाट उनले आफ्ना कवितामा उतारेका छन् ।

### ३.२.३ निबन्धकार कविताराम

कवितारामको निवनधलेखन बाल्यकालबाटै आरम्भ भएको हो । *ओखलढुङ्गाको विद्यालयमा पढ्दै गर्दा एक काङ्ग्रेसी विद्वान् नेता देवराज ढकालको प्रेरणामा उनले* ***वनमारा*** *शीर्षकको निवनध लेखे ।*[१८] यस शोधकार्यको अवधिसम्म कवितारामका दुई निवन्धसङ्ग्रह प्रकाशित भइसकेका छन् भने केही पाण्डुलिपि तयार भइसकेका छन् । वि.सं. २०३६ सालमा प्रकाशित **मेरो अस्वीकृत मान्यता** उनको पहिलो निबन्धसङ्ग्रह हो । यसमा उनले विभिन्न शीर्षकहरूमा र वर्णनात्मक शैलीमा आफ्नो साहित्यिक प्रेरणा, साहित्यमा प्रवेश, साहित्यिक यात्रा, साहित्यप्रतिको धारणा व्यक्त गरेका छन् । वि.सं.२०५८ सालमा प्रकाशित **के किन भनियो** उनको दोस्रो निबन्धसङ्ग्रह हो । विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका उनका निबन्धहरूको यस सँगालोमा २९ वटा निबन्धहरू छन् । नेपालका विभिन्न ठाउँको नामकरण, सामाजिक मूल्य र मान्यता समाजमा प्रचलित आहान, भूतप्रेत, देवदेवी आदिका बारेमा प्राचीनकालदेखि जनमानसमा रहँदै आएको धारणाबारे वैज्ञानिक कारणसहित प्रस्ट्याइदिने कार्य उनले यी निबन्धहरूमार्फत् गरेका छन् । *हाम्रा सरल ग्राम्य जीवनमा उच्च र वैज्ञानिक शिक्षाको अभाव छ त्यसैले अन्धविश्वासका गाँठा र अमान्य विश्वासलाई फुकाइदिनु यस पुस्तकमा*

[१८] यशोदा कुँवर, **पूर्ववत्** ।

*कवितारामको उद्देश्य रहेको छ ।*[१९] कवितारामका अन्य प्रकाशोन्मुख निबन्धमा **मेरा अस्वीकृत यात्राका अस्वीकृत मान्यताहरू** र यी **अस्वीकृत स्रष्टाहरु** का पाण्डुलिपि तयार भइसकेका छन् ।

## ३.२.४ नाटककार कविताराम

साहित्यका विविध विधामा कलम चलाउने कवितारामको एक नाटक प्रकाशित छ । वि.सं.२०४८ सालमा प्रकाशित उनको **स्वभावगीता** विज्ञान-नाटक परम्परागत नाट्य सिद्धान्तभन्दा पृथक छ । यसमा अङ्क र दृश्यको प्रयोग गरिएको छैन । परिच्छेद र शीर्षकमा विभाजन गरिएको यस नाटकमा स्वैरकल्पनाको प्रयोग गरिएको छ । *हजार वर्षपछि वैज्ञानिक क्षेत्रमा हुने उन्नतिले गर्दा मानव सभ्यतामाथि आइपर्ने प्रलयकारी दुर्दशाको व्याख्या यसमा पाइन्छ ।*[२०] वैज्ञानिक उपलब्धिको प्रयोग गर्दै जाँदा मानिस एकदिन निष्क्रिय र अयोग्य सावित हुने सम्भावनालाई यहाँ स्वैरकल्पनात्मक शैलीमा प्रस्ट पारिएको छ । अर्को अस्वीकृत मान्यताको नाटक **माटो बोल्छ** प्रकाशोन्मुख अवस्थामा छ ।

## ३.२.५ कथाकार कविताराम

कविताराम सर्वप्रथम कविता विधाबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनी कविता समाजमा सबैले पढ्दैनन् र बुझ्दैनन् तथा यसले आफूमा भएका सम्पूर्ण भावहरूलाई बोक्न सक्दैन भन्छन् । यिनै समस्याबाट छुटकरा पाउन आफ्ना भावना, विचार र आवेगलाई कथाको माध्यबाट व्यक्त गर्न थालेको कुरा उनी बताउँछन् । कविताराम वि.सं. २०२६ सालमा **एउटा कथा एउटा जिन्दगी** शीर्षकको कथा ॥**मन्त्र**॥ मा प्रकाशित गरेर

[१९] मदनमणि दीक्षित,'मेरा केही टिप्पणीहरू',(वर्ष २४, अङ्क १, असार-भदौ) पृ. १०९-११४ ।

[२०] अनुरोध शर्मा,'कवितारामको सर्वस्वीकृत मुक्तिसङ्घर्षा' तन्नेरी, (वर्ष २४, अङ्क १, असार-भदौ, २०५९) पृ.१७२-१७३ ।

नेपाली साहित्यको कथा विधामा प्रवेश गरेका हुन् । उनको पहिलोपटक वि.सं.२०३६ सालमा प्रकाशित कथासङ्ग्रह **कालो कथा** हो । यसमा १६ वटा कथा समावेश छन् । यस सङ्ग्रहको शीर्षकले नै जीवनको अँध्यारो पक्षलाई सङ्केत गर्दछ । यसमा समावेश कथाले एकदशकअघि स्थापना भएको अस्वीकृत जमातलाई सम्झना गराउँछ । लेखकले यस सङ्ग्रहमार्फत् सत्तामा विद्यमान स्थापित मूल्य, ढोँगी मान्यताहरूप्रति कालो ध्वजा देखाउने कार्य गरेका छन् ।

उनको दोस्रो कथासङ्ग्रह **प्रलाप** हो । वि.सं. २०३७ सालमा प्रकाशित यो सङ्ग्रह वि.सं. २०२१ देखि २०३७ सालसम्म लेखिएका र प्रकाशन गरिएका कथाहरूको सँगालो हो । २२ वटा कथा समविष्ट यस सङ्ग्रहमा **कालो कथा**मा जस्तो सवै अस्वीकृत मान्यताका कथा मात्र नभई केही स्वीकृत कथाहरू पनि छन् । यी कथाहरूमा सामाजिक पौराणिक र आध्यात्मिक क्षेत्रका गलत मान्यता र कुण्ठित यौनको विकृत पक्षहरूको उद्घाटन पाइन्छ । कथा सृजना गर्दा विधागत अनुशासनमा नबाँधिने स्वभावका कवितारामले यस सङ्ग्रहलाई चाहिँ आफ्नै प्रलाप भएको कथा मानेको कुरा यसै सङ्ग्रहको भूमिकामा खुलाएका छन् ।

कवितारामको तेस्रो कथासङ्ग्रह **मुक्ति प्रसङ्गका अस्वीकृत कथाहरू** (२०४७) हो । यसमा जम्मा २४ वटा कथा सङ्ग्रहीत छन् तीमध्ये केही **कालो कथा** र **प्रलाप** मा प्रकाशित भइसकेका छन् भने ९ वटा नयाँ कथा समावेश गरिएका छन् । यस सङ्ग्रहमा वि.सं. २०२६ देखि २०४६ सालसम्म लेखिएका कथाहरू मितिबद्ध गरी राखिएका छन् । विषयवस्तुका आधारमा सामाजिक, पौराणिक, वैज्ञानिक, राजनीतिक, र यौन विषयक कथाहरू यस सङ्ग्रहमा समाविष्ट छन् ।

कवितारामका कथाले राजनीतिक विकृति, राजनीतिक घृणित खेल, नेतृत्वको स्थानमा रहने व्यक्तिहरूको धुर्त्याइँ र गद्दारीको चित्र उतारेका छन् । तत्कालीन मूल्य र मान्यताप्रति

अस्वीकृति जाहेर गर्दै नवीन र स्वच्छ मूल्य र मान्यता स्थापनार्थ उनको  कथा लेखन कार्य भएको पाइन्छ । उनले **प्रलाप**को भूमिकामा कसैलाई खुसी पार्न नभई आफ्ना अभिव्यक्तिहरू ईमानदारिताका साथ प्रस्तुत गर्न कथा लेख्छु भनेका छन् ।

## ३.२.६ उपन्यासकार कविताराम

उपन्यासकार कविताराम श्रेष्ठका दुई अस्वीकृत मान्यताका उपन्यास प्रकाशित छन् । वि.सं.२०४६ सालमा प्रकाशित उनको **बकपत्र** उपन्यासका पात्रहरू विसङ्गतिबोधले ग्रसित छन् । यहाँ रोगीनी, रण्डी, बाउन्नी जस्ता समाजका अपहेलित र निम्न वर्गका पात्रहरूको प्रयोग गर्दै  उनीहरूका अवस्था, समाजले हेर्ने दृष्टिकोण, बाध्यता र विवशताको चित्रण गरेका छन् । प्राय : लेखकको आँखा नपुग्ने समाजको त्यो अपहेलित वर्गप्रति उनले पाठकको ध्यान आकर्षित गरिदिएका छन् । यहाँ लेखकले सामाजिक मूल्य, मान्यता, आदर्शका कारणले मानिसमा उत्पन्न हुनजाने यौन कुण्ठालाई पनि स्वाभाविक रूपमा प्रस्तुत गरी आफूलाई अस्वीकृत उपन्यासकारका रूपमा परिचित गराएका छन् ।

'कुकुरको कथा' वि.सं. २०५९ सालमा प्रकाशित उनको अर्को अस्वीकृत मान्यताका उपन्यास हो । यस उपन्यासको प्रमुख पात्र मानवेतर प्राणी कुकुर हो । कुकुरजस्तो प्राणीमा रहेको संवेदनशील भावनाको चित्रण यहाँ पाइन्छ । आफ्नो मालिककी सानी छोरीको मृत्यु हुँदा त्यो केटाकेटीको प्रिय साथी कुकुरमा परेको छटपटी यहाँ स्वाभाविक रूपमा देखाइएको छ । त्यही कुकुर वृद्धावस्थामा खटिराले ढाकिएपछि र झिँगा भन्काउदै हिँड्न थालेपछि मानिसले विष खुवाई मारेको मार्मिक दृश्य पनि छ । यस उपन्यासमा लेखकले मान्छेको स्वार्थी व्यवहारप्रति अस्वीकृति व्यक्त गरेका छन् ।

## ३.२.७ चलचित्र निर्माता कविताराम

*कविताराम श्रेष्ठले **रहस्यमय गुफा** र **मुक्तिसङ्घर्ष** गरी दुईवटा भिडियो चलचित्र निर्माणको कार्य गरेका छन् । दुवै चलचित्रमा उनी आफैले कथा, संवाद, गीत, पटकथा तयार गर्नुका साथै छायाङ्कन र दृश्य सम्पादनको कार्य पनि गरेका छन्* ।[२१] उनको **रहस्यमय गुफा** पहिलो विज्ञान-बालचलचित्र हो । हिन्दी फिल्मको नक्कललाई निरुत्साहित गर्ने उद्देश्यले तयार गरिएको यस चलचित्रमा जनजातीय भाषा (नेवार र गुरुङ) को गीत प्रयोग हुनु, नायक-नायिकाबीच प्रेम नहुनु, नाचगान गर्दै नहिँड्नु जस्ता विशेषता पाइन्छन् ।

उनको दोस्रो भिडियो चलचित्र मुक्तिसङ्घर्ष राट्रिय र अनतर्राष्ट्रिय क्षेत्रमा पुरस्कृत भएको छ । जनआन्दोलन २०४६ को अगाडि र पछाडिको घटनामा आधारित यस चलचित्रमा सामाजिक, राजनीतिक र प्रशासनिक विकृतिको कारण देशभक्त र सच्चा जनताले पाएको यातनाको चित्रण गरिएको पाइन्छ । गाउँका ठूलाठालु भनाउँदा जाली, फटाहा, शोषक र बदमास व्यक्तिहरूले सोझासाझा र निमुखा व्यक्तिहरूलाई कतिसम्म दुःख दिन्छन् भन्ने कुराको तस्बिर यस चलचित्रमा वनाउन चाहन्छन् जसले गाउँका असचेत, शोषित र पीडित जनतालाई चेतना देओस्, उनी बाहिरी आक्रमणका बारेमा जनतालाई सचेत पार्ने खालका चलचित्र वनाउन चाहन्छन्, उनी अरूभन्दा भिन्न जनवादी संस्कृति दिन चाहन्छन् ।

## ३.२.८ साहित्यमा अस्वीकृत चिन्तनको प्रयोगकर्ता कविताराम

वि.सं. २०२६ सालमा स्थापित अस्वीकृत जमात एक साहित्यिक आन्दोलन हो । यसका प्रणेताहरूमध्येका एक कविताराम पनि हुन् । वि.सं.२०२७ सालमा अस्वीकृत जमातको

[२१] यशोदा कुँवर, **पूर्ववत्**, पृ. १५ ।

घोषणापत्रमा कवितारामले पनि **घोषणापत्र** शीर्षकको कविता छपाएर साहित्यमा अस्वीकृत चिन्तनको सुरुवात गरेका हुन् । उनका बालसाहित्य बाहेकका साहित्यिक कृतिहरूमा स्वाभाववाद, तरलतावाद र अस्वीकृति जतातत्तै पाइन्छन् । उनका अस्वीकृत नाटक, निबन्ध, उपन्यास र कथासङ्ग्रह यसका उदाहरण हुन् । मानिस समग्रमा सुन्दर मात्र हैन, कुरूप पनि छ; गुणी मात्र छैन, अवगुणी पनि छ । यिनै मानिसहरूको समग्र चित्रणमा यिनका कृतिहरूले जोड दिएका छन् *। अस्वीकृत जमातले मान्छेलाई सम्पूर्ण सामाजिक र साँस्कृतिक परम्परा र मूयलबाट पृथक गरी एउटा प्राकृतिक स्वच्छ मान्छेको रूपमा मात्र हेर्न चाहेको छ*।[२२] कवितारामका अस्वीकृत साहित्यिक कृतिले सामाजिक मूल्य, मान्यता र आदर्शले मानिसलाई विकृत, निरीह र असक्षम वनाइदिने भएकाले त्यस्ता मूल्य र मान्यतालाई नङ्ग्याएर यथार्थको धरातलमा उत्रने अस्वीकृत सन्देश पाठकलाई दिन्छन् ।

## ३.२.९ बालकथाकार कविताराम

कविताराम श्रेष्ठले प्रौढ साहित्यका विविध विधालगायत बालकथाका क्षेत्रमा पनि कलम चलाएका छन् । उनका बुद्धिबङ्गाराको फोन भाग १,२ र ३ गरी तीनवटा कथासङ्ग्रह प्रकाशित छन् । वि.सं. २०५५ सालमा प्रकाशित यी तीनैवटा कथासङ्ग्रह स्वास्थ्यविज्ञानमा आधारित छन् । स्वास्थ्यसम्वन्धी विविध समस्या जस्तो- दाँत दुखाइ, झाडापखाला, ज्वरो, रुघाखोकी, आगोको पोलाइ आदिका कारण, तिनका समाधान र तिनीहरूबाट पूर्वहोसियारीसम्वन्धी कुराको जानकारी उनका यी कथाहरूबाट पाउन सकिन्छ । कथाकारले बुद्धिबङ्गारालाई बौद्धिकताको प्रतीक वनाएका छन् । जब केटाकेटीलाई स्वास्थ्यसम्वन्धी समस्या पर्दछ लेखक उनीहरूलाई सपनाका संसारमा पुऱ्याई बुद्धिबङ्गाराद्वारा टेलिफोन गराई ज्ञान दिलाउँछन् । स्वैरकल्पनात्मक शैलीमा रचिएका उनका कथाका संवाद भने अलि लामा छन् ।

[२२] पूर्ववत्, ।

कवितारामको **जुजुहीरा** शीर्षकको बालचित्रकथा पनि प्रकाशित छ । गाउँमा डढेलो लागेर अन्नको बिउसमेत नभएको अवस्थामा केटाकेटीहरूले आफ्नो बुद्धि, जुक्ति र साहसको प्रयोग गरी मुसाले सङ्कलन गरेर रखेको बिउ गाउँमा ल्याएको प्रसङ्ग यस कथामा छ । आजका केटाकेटीलाई वैज्ञानिक/व्यावहारकि ज्ञान प्रदान गरी जीवनमा आइपर्ने समस्याविरुद्ध लड्न सक्षम वनाउनु नै उनका बालकथाको उद्देश्य देखिन्छ ।

## ३.२.१० बालउपन्यासकार कविताराम

कवितारामका **वनदेवी, पानीको थोपा, कमिलाको कथा, अनौठो यात्रा, मावलीको यात्रा**, गरी पाँच विज्ञान-बालउपन्यास प्रकाशित छन् । उनको पहिलो विज्ञान-बालउपन्यास **वनदेवी**मा वृक्षारोपण नगरिँदा वा वनजङ्गल माँसिदा देखापर्ने विकराल समस्याहरूको चित्रण गर्दै वृक्षारोपण गरिनुपर्छ भन्ने सन्देश पाइन्छ । दोस्रो विज्ञान-बालउपन्यास **पानीको थोपा**मा उनले मानिसको जीवनमा पानीको महत्वमाथि प्रकाश पारेका छन् । यसका साथै जलचक्रको ज्ञान पनि यस उपन्यासले दिएको छ । उनको तेस्रो बालउपन्यास **कमिलाको कथा** हो । यस उपन्यासले जीवशास्त्रीय ज्ञान प्रदान गरेको छ । यस बालउपन्यासले कमिलाको माध्यमबाट सिङ्गो समाजको चित्रण गर्दै बालबालिकालाई कर्मक्षेत्रमा उत्रन आग्रह गरेको छ । कवितारामको चौथो उपन्यास **अनौठो यात्रा** हो । यसले शरीर विज्ञानसम्वन्धी ज्ञान दिन खोजेको छ । यसले एड्स रोग यौनसर्म्पकले मात्र नभई अरू विविध किसिमका असावधानीले गर्दा पनि सर्न सक्छ भन्दै बालबालिकालाई होसियार पार्न चाहेको छ । उनका प्रकाशित बालउपन्यासमध्ये हालसम्मको अन्तिम **मावलीको यात्रा** हो । यहाँ नौ वर्षीय भाइ र १३ वर्षीया दिदी काठमाडौंबाट खोटाङ पिपलडाँडासम्मको यात्रा सफलतापूर्वक गर्न सक्छन् भन्ने कुरा देखाइएको छ । कवितारामको मूल प्रवृत्ति

बालसाहित्यमार्फत वैज्ञानिक र व्यावहारिक चेतना प्रदान गर्नु हो भन्ने कुरा उनका प्रकाशित उपन्यासका आधारमा पुष्टि हुन्छ ।

## ३.३ कवितारामको साहित्यिक यात्रा, चरण विभाजन र बालऔपन्यासिक यात्रा

### ३.३.१ चरण विभाजन

प्रौढ साहित्य र बालसाहित्यका विविध विधामा सशक्त रूपले कलम चलाउने कवितारामले आठ/नौ वर्षकै उमेरमा गीतबाट लेखनको थालनी गरेका थिए । तिनको कविता रचना कार्यले विद्यालयीय शिक्षा पार गर्नुअगावै चर्चा पाइसकेको थियो । *साहित्य सिर्जना र प्रवृत्तिगत दृष्टिले उनको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।*

*पहिलो चरण (साधनाकाल) (वि.सं. २०२२-२०२५ )*
*दोस्रोचरण (सङ्घर्षकाल) (वि.सं.२०२६-२०३५ )*
*तेस्रो चरण (स्थापनाकाल) (वि.सं. २०३६- हालसम्म )*[२३]

#### ३.३.१.१ पहिलो चरण (साधनाकाल) (वि.सं. २०२२-२०२५)

कवितारामको साहित्य सिर्जनाको साधनाकाल वा प्रथम चरण उनले वि.सं. २०२२ सालमा **सिन्दुर** शीर्षकको कविता धरानबाट छपाएपछि सुरु हुन्छ । त्यही वर्ष उनले काठमाडौँबाट **कवि चक्का कुम्हालेको** शीर्षकको कविता प्रकाशित गरे । यसै अवधिमा उनले **कोठा बोल्छ**

[२३] यशोदा कुँवर, पूर्ववत्, पृ.१७ ।

र **म दुई** शीर्षकका दुई कथा पनि प्रकाशित गरेका छन् । लेखन र प्रकाशनका दृष्टिले यो चरण त्यति चर्चायोग्य नभएको पनि द्वितीय चरणको पृष्ठभूमिको रूपमा कार्य गर्न सफल भएको पाइन्छ ।

### ३.३.१.२ दोस्रोचरण (सङ्घर्षकाल) (वि.सं.२०२६-२०३५)

कवितारामको साहित्यिक यात्राको दोस्रो चरण वि.सं. २०२६ सालबाट सुरु भयो । यो बर्ष उनी 'अस्वीकृत जमात' नामक आन्दोलनमा आबद्ध भएपछि उनको साहित्यिक लेखनले नयाँ मोड लियो । अस्वीकृत जमातको मुखपत्र ॥**मन्त्र**॥ मा उनले **स्केच** शीर्षकको कथा प्रकाशित गरे । त्यसपछि उनको **बकपत्र** शीर्षकको लेख पनि प्रकाशित भयो । वि.सं. २०२८ मा ॥**मन्त्र**॥ ६ मा ६ लेखहरू समावेश भएको **विस्थापित अनुहारहरू** शीर्षकको पुस्तक प्रकाशित गरे । यसमा सबै अस्वीकृत लेखहरू छन् । उनको साहित्यिक यात्राको दोस्रो चरणमा विद्रोह र आन्दोलनको अभिव्यक्ति पाइन्छ । यो अवधि उनको अस्वीकृत लेखनको आरम्भकाल हो ।

### २.३.१.३ तेस्रो चरण (स्थापनाकाल) (वि.सं. २०३६ देखि हालसम्म )

कवितारामको साहित्यिक यात्राको तेस्रो चरण वि.सं. २०३६ सालबाट सुरु हुन्छ । साहित्य सिर्जना र प्रकाशनको दृष्टिले यो चरण उर्वर देखिन्छ । यसै अवधिबाट उनको सृजनामा प्रौढ साहित्य र बालसाहित्य गरी दुई शाखा देखा पर्दछन् ।

#### २.३.१.३.१ प्रौढ साहित्य

कवितारामको प्रौढ साहित्य उपशाखा दोस्रो चरणबाट प्रारम्भ भएको अस्वीकृत साहित्यको निरन्तरता र उर्वरता हो । यस अवधिमा उनका **कालो कथा, प्रलाप, मुक्तिसङ्घर्षका अस्वीकृत कथाहरू** जस्ता कथासङ्ग्रह, **मेरा अस्वीकृत मान्यताहरू, के किन भनियो**, जस्ता निबन्धसङ्ग्रह, **स्वभावगीता** नाटक, **बकपत्र**, **कुकुरको कथा**जस्ता उपन्यास प्रकाशित भएका छन् । थोत्रा, मानव अहितकारी साँस्कृतिक, सामाजिक, राजनीतिक, प्रशासनिक मूल्य र मान्यताप्रति अस्वीकृत र मानव अहितकारी मूल्य र मान्यताले मानव जीवनलाई कुरूप, दयनीय र विकृत पारेका छन् । यसैको चित्रण अस्वीकृत साहित्यको ध्येय हो । उनी सामाजिक मूल्यहरूले अनावश्यक रूपमा जनजीवनमाथि  थोपरेको अप्ठेरोपनलाई अस्वाभाविक मान्दछन् । उनका कृतिमा स्वाभाविकताको अभिव्यक्ति दिन उनी पात्रहरूलाई श्रृङ्गार नगरी देखाउँछन् । यौनको प्रसङ्गमा उनले श्लील र अश्लीलको प्रश्नै नउठ्ने गरी साहित्य रचना गरेर उदाहरण प्रस्तुत गरेका छन् । उनको यौन प्रसङ्ग नाङ्गै चितामा सुताएकी षोडषीको लासजस्तो छ जहाँ यथार्थ अनुभूत भए पनि कामुकता पाइँदैन । अश्लीलता मान्छेको दृष्टिकोणमा हुन्छ, शरीरमा होइन । त्यो नाङ्गोपन हामीसँग भएको यथार्थ हो र सत्य कहिल्यै अश्लील हुँदैन भनी उनी भन्दछन् । उनका यौन प्रसङ्गका कृतिहरूमा श्रृङ्गार रस नभई बिभत्स रस नै हावी भएको हुन्छ ।

वि.सं २०४६ सालसम्मका कवितारामका कृतिहरूका पात्र कुण्ठाग्रसित पाइन्छन् । तत्कालीन अवस्थाको उनको कुण्ठित मानसिकताको प्रभावस्वरूप यस्तो पाइएको हो । उनका पात्रहरू तत्कालीन स्थापित मूल्य र समयको प्रेतबाट त्रसित छन् । *त्यसैले उनले शोषक वर्गलाई नेपथ्यमा राखेर अस्वीकृतिलाई मात्र यथार्थसहित प्रदर्शन गर्ने कार्य गरेका छन् ।*[२४]

[२४] बाबुराम पौड्याल, ‘कवितारामकोस्वीकुति र अस्वीकृतिबीच घोत्लिदा’, तन्नेरी,(वर्ष२४, अङ्क१। असार-भदौ, २०५९)पृ. २-१७ ।

वि.सं. २०४६ सालको परिवर्तनपछाडि उनको लेखनमा व्यापक भिन्नता देखापरेको छ । अब उनले आफ्ना कृतिमार्फत् आफूलाई विकृतिबाट मुक्त राखेर पनि समाजमा केही गर्न सकिन्छ भन्ने धारणा अघि सारेका छन् ।

### २.३.१.३.२ बालसाहित्य

तेस्रो चरणको अर्को शाखामा बालसाहित्य पर्दछ । यस अवधिमा उनका पाँच बालउपन्यास, एक चित्रकथा लगायत तीन कथासङ्ग्रह प्रकाशित छन् । उनका कथा र उपन्यास दुवै स्वास्थ्य-विज्ञानमा आधारित छन् भने उपन्यासहरू पनि विज्ञानलाई औपन्यासिक रूप दिइएका छन् ।

## ३.३.२ कवितारामको बालऔपन्यासिक यात्रा

एक्काइसौँ शताब्दीको पूर्वार्द्धसम्म नेपाली बालसाहित्य भनेर पञ्चतन्त्र, दन्त्यकथा र तिलस्मी कथा लेख्ने चलन थियो । भूत, प्रेत, राक्षस र देवता तथा परी जस्ता काल्पनिक पात्रहरूको प्रयोग गरिएको कथाले बालबालिकाको मस्तिष्क भरिदिने चलन थियो । हजारौँ वर्ष पुराना जीवन-अनुपयोगी नीतिकथा बालबालिकाका अगाडि तेर्स्याएर त्यसका मूल्य र मान्यताअनुसार बालबालिकाको आचरण र सोचाइ निर्माण गर्न खोजिन्थ्यो । आधुनिक वैज्ञानिक जीवनशैलीलाई उत्ताउलो प्रमाणित गर्दै बालबालिकालाई युगसापेक्षताबाट पछाडि धकेल्ने गरिन्थ्यो । आजका बालबालिका भोलिका राष्ट्रनिर्माता भएकाले उनीहरूलाई कस्तो ज्ञान दिई भोलिका योग्य र सक्षम नागरिक वनाउने भन्ने उत्तरदायित्वको बोध यी

बालसाहित्यकारहरूले गरेका थिएनन् । उता बालबालिका भने ती साहित्यलाई बूढाबूढीका थोत्रा प्रलाप मानी अङ्ग्रेजी र हिन्दीको युगसापेक्ष साहित्य खोजीखोजी पढ्न थालेका थिए ।

यस परिस्थितिमा केही यस्ता बालसाहित्य सर्जकहरू पनि थिए जो बालसाहित्य बालसुलभ र बालआवश्यकता अनुरूपको हुनुपर्दछ भन्ने कुरामा सचेत थिए । अध्ययन, मननपश्चात् प्रामाणिक ज्ञान बालबालिकालाई दिने जिम्मेवार लेखकहरू कम थिए । तिनीहरूको पङ्क्तिमा कवितारामले आफूलाई पनि उभ्याएको कुरा स्वयं कविताराम बताउँछन् ।

कवितारामको पहिलो विज्ञान-वालउपन्यास **वनदेवी**को प्रकाशन वि.सं. २०३६ सालमा भयो । यसै समयबाट उनको बालऔपन्यासिक यात्राको प्रारम्भ भएको हो । यसपछि उनका **पानीको थोपा** (२०३६), **कमिलाको कथा** (२०४६) **अनौठौ यात्रा** (२०५८) र **मावलीको यात्रा** (२०५९) जस्ता बालउपन्यास प्रकाशित भएका छन् ।

स्वैरकल्पनात्मक शैली अपनाउनु, बालबालिकालाई वैज्ञानिक चेतना प्रदान गर्नु, व्यावहारिक र जीवनोपयोगी ज्ञान दिनु, आजका बालबालिकालाई भोलि आइपर्ने सारा समस्याको सामना गर्न तयार पार्नु, पुराना जीर्ण र अहितकारी सामाजिक, साँस्कृतिक मूल्य र मान्यताप्रति वितृष्णा जगाउनु, सत्य तथ्यमा आधारित मानव हितकारी मूल्य र मान्यताको स्थापनामा जोड दिनुजस्ता प्रवृत्ति उनका विज्ञान-बालउपन्यासमा पाइन्छन् ।

## परिच्छेद चार

## वनदेवी उपन्यासको विश्लेषण

### ४.१ विषयपरिचय

'कविताराम श्रेष्ठ' (२००४) नेपाली साहित्यक्षेत्रको परिचित नाम हो । उनी मुख्य गरी नेपाली बालसाहित्यका क्षेत्रमा परिचित छन् । बालसाहित्यका विविध विधाहरूमा कलम चलिए पनि बालउपन्यासका क्षेत्रमा उनको विशेष योगदान रहेका छ । **वनदेवी, पानीको थोपा, कमिलाको कथा, अनौठो यात्रा, मावलीको यात्रा, किसानबाट शिक्षा** जस्ता बालउपन्यास उनले केबल मानेरञ्जनका लागिमात्र लेखेका होइनन् । यी कृति बालबालिकालाई ज्ञान दिन तथा सम्बन्धित विषयमा सचेत वनाउन सफल देखिएका छन् । **वनदेवी** उपन्यास सरल र सुबोध्य भाषामा लेखिएको कृति हो । यसले वनको महÙव प्रभावपरक ढङ्गमा देखाई बालबालिकालाई वृक्षरोपणमा संलग्न हुन प्रेरित गरेको छ । यस उपन्यासले आफ्नो लक्ष्य पूरा गर्न पात्रयोजनामा विविधता देखाएको छ । यस उपन्यासमा भूगर्भविज्ञान र वातावरणविज्ञान सम्वन्धी लेखकीयचेतना प्रस्ट भएको छ ।

## ४.२ कथासार

वनभात खान मिर्गेपाखामा गएर फर्केकी बालिका पम्फा टाउको दुखेर सुत्छिन् । वनभात खान गएको मिर्गेपाखामा वन नासिइसकेकाले सियाँलको अभावमा घामले टाउको दुखेको कुरा आमाले बताएपछि आमाको पालाको वनभात र आफूले खाएको वनभातमा कति अन्तर छ भनेर सोच्दासोच्दै निदाउँछिन् । निदाएपछि देखेको सपना सँगसँगै बालउपन्यासको कथावस्तु अगाडि बढ्छ । सपनामा पनि पम्फा मिर्गेपाखमा नै वनभात खान गएकी हुन्छिन् भने टाउको पनि दुखिरहेकै हुन्छ । टाउको दुखेको कारणले गर्दा तिनी रूखको फेदमा सुतेकी हुन्छिन् । साथीहरू भने रमाइलो मानी अलि पर खेलिरहेका हुन्छन् र खेलमा भुलेर साथीहरूले उनलाई वास्ता नगर्दा उनको चित्त दुख्छ र रुन मन लाग्छ । तर त्यति नै खेर रूखबाट सियाँलपरी उड्दै झरेर सुम्सुम्याउँदै माया गर्छिन । यसपछि उनको टाउको धेरै हल्का भएर आउँछ र उनलाई खुसी पनि लाग्छ । परीका रूपमा आएकी आफ्नै गुरुआमालाई देखेर खेलिरहेका बालकहरू पनि चिच्याउँदै आउँछन् र त्यहीँ वरिपरि झुम्मिन्छन् /खेल्छन् । त्यहाँ नजिकै एउटा दाउरे बूढो रूख काट्दै हुन्छ । अचानक त्यो रूख हल्लिन्छ । त्यसको फेदबाट एउटा मान्छे बाहिर निस्किएर आफू कटुसको रूख भएको बताउँदै बालकहरूलाई कटुसको फल बाँडिदिन्छ । त्यसैबखत नजिकै रहेको पानीको दहबाट आधा माछाको र आधा मान्छेको जस्तो शरीर भएकी अत्यन्तै सुन्दरी परी बाहिर आउँदै गरेकी देखिन्छिन् । यिनको कम्मरमा पानीको घडा हुन्छ । नजिकै आइपुगेपछि बालकहरूलाई चिसो पानी खुवाउदै ‘म जलपरी हुँ म जलपरी हुँ’ भन्दै कलकल ध्वनिमा गीत गाउँछिन् र जलपरीको गीत सुनिरहेको बेला सियाँलपरीले सबैलाई एकचित्तले आँखा चिम्लन लगाउँछिन् । आँखा चिम्म गर्दा पर कतै एउटा उज्यालो विन्दु पम्फाले देख्छिन् र त्यसैमा ध्यान केन्द्रित गर्छिन् । जलपरीको कलकल गीत जति सुन्दै गयो त्यतित्यति आँखा उघ्रँदै जान्छन् भने जतिजति आँखा उघ्रँदै जान्छन् उतिउति आङमा

नरम तथा रङगीन पखेटाहरू उम्रदै जान्छन् । अन्ततः आँखा पूर्ण रूपमा उघ्रिसक्दा पखेटा पनि पूर्ण रूपले उम्रन्छन् । त्यसपछि अघि (आँखा चिम्म गर्दा) देखेको उज्यालो विन्दुतिर तिनीहरू उड्दै जान्छन् । अन्ततः अन्धकार पार गरेर त्यो ठाउँमा पुग्छन् । त्यो ठाउँ अत्यन्तै मनमोहक हुन्छ । त्यहाँ अति नै उज्यालो मुहार गरेकी देवी देखिन्छिन् भने तिनको साथमा तिनै सियाँलपरी र जलपरी हुन्छन् । त्यहाँकी देवीलाई सबै बालकहरूले आ-आफ्नै आमाका रूपमा देख्छन् र सबैजना आमा भनेर चिच्याउँछन् । हर्षले वनदेवीको आँखाबाट आँसु खस्छ । त्यही आँसु सँगसँगै आकासबाट सिमसिम पानी पर्न थाल्छ । जलपरी कलकल ध्वनिमा गीत गाउँछिन् र सियाँलपरी नाच्न थाल्छिन् । त्यसै बेला फलफूलका बोटहरू मान्छेको रूप धारण गरी मीठामीठा फलफूल बालकहरूलाई बाँडिदिन्छन् । फलहरू परीका रूप धारण गरेर आकाशबाट बर्सिन्छन् । जलपरी पानी ल्याइदिन्छिन् । खानपिन तथा रमाइलो सिध्याएपछि बालकहरू वनदेवीको साथमा आकाशमार्गबाट वनको सफर गर्दै जान्छन् । त्यस क्रममा वनदेवीले बालकहरूलाई वनजङ्गल, खेतबारी, रूख काटेको ठाउँ तथा पानीको स्थिति आदि देखाउँछिन् । आकाशबाट ती दृश्यहरू हेरिसकेपछि वनदेवीले बालकहरूलाई पृथ्वीमा ओरालेर एउटा रूखको पात टिपेर हम्किन्छिन् । अचम्म ! तिनीहरू आफैलाई देख्न नसक्ने गरी अदृश्य वनेर जस्तोसुकै ठोस पदार्थमा पनि छिर्न सक्ने हुन्छन् । केही क्षण ढुङ्गा, रूख आदिमा छिर्दै निस्कँदै रमाइलो गरेपछि तिनीहरू वनदेवीसँग पृथ्वीभित्र पसेर ज्ञानका आँखाले (अन्धकार भएकाले) सम्पूर्ण कुराहरू हेर्छन् । त्यहाँ तिनीहरूले रूखका जराहरूले माटामा भएका खानाहरू चुसेको, जराहरू जेलिएर जमिनलाई पैरो लड्न नदिएको , जति तल गयो उति पानीको मात्रा बढ्दै गएको तथा अलि तल गुफामा जलभण्डार रहेको र त्यहाँ जलपरी रहेको आदि कुराहरू हेर्छन् र अन्तमा जलपरीको प्रवाहसँगसँगै बाहिर निस्कन्छन् । फेरि वनदेवी अर्को पल्ट अर्कौ बाटो गरेर बालकहरूसँग पृथ्वीभित्र छिर्छिन् । जति अगाडि बढ्दै जान्छन् तिनीहरू त्यतित्यति रूखको जरा तथा पानी केही पनि नभएको ठाउँमा पुग्छन् । त्यहाँ गर्मीले छ्याल्लब्याल्ल वनेर रुँदै कराउँछन् भने वनदेवीको हालत पनि त्यस्तै हुन्छ ।

सबैको हालत खराब भएकाले  वनदेवीले सबैलाई बाहिर ल्याउँछिन् । त्यहाँ वन हुँदैन । जतातत्तै पशुपंक्षीका कङ्काल तथा सबै पहिरोले खाएका डाँडाहरू मात्र हुन्छन् । सबैलाई गर्मी र तिर्खाले सताउँछ । त्यहाँ जलपरी, सियाँलपरी हुँदैनन् । यस्तो स्थितिमा पम्फालाई नराम्रोसँग टाउको दुखेर आउँछ । वनदेवी दुब्ली, कुप्री तथा बूढी भएर एकदमै खराब अवस्थामा पुगिछन् र 'मलाई बचाउनु छ भने रूख रोप' भन्ने मार्मिक बिलौना गर्छिन् । आफ्नी आमाजस्तै देखिने वनदेवीको त्यो हालत देखेर सबै अत्तालिँदै 'रूखरोपौँ, अहिले नै रोपिहालौँ' भन्छन् । यस स्थितिमा पुगेर पम्फा ब्युँझन्छिन् । ब्युँझेपछि रूख रोप्ने कुरा आमासँग गर्छिन् र अन्तमा रूख रोपेपछि के हुन्छ भन्ने कुरा सोच्दै रूख रोप्ने प्रतिज्ञा गरेपछि कथावस्तु समाप्त हुन्छ ।

## ४.३ वनदेवी उपन्यासको पात्रविधान

*प्रस्तुत उपन्यासमा पात्रगत विविधता पाइन्छ तथापि १७ पेज सम्मको आयाममा लम्बिएको उक्त बालउपन्यासमा पात्रगत बहुलता भने छैन।*[२५] उपन्यासमा निम्नानुसारका पात्रहरू समावेश गरिएका छन् :

पम्फा

आमा

सियाँलपरी

गुरुआमा

जलपरी

वनदेवी

साथीहरू

दाउरा–घाँस र काठ–पात काट्ने मानिसहरू

[२५] राजेन्द्र लिम्बू,**२०३०को दशकका मौलिक नेपाली बाल उपन्यासमा स्वैरकल्पना**,(अप्रकाशित, त्रि.वि.,ने.के.वि.,२०६२)पृ.४४ ।

दाउरे बूढो

बूढो मान्छे

रूख काट्ने मान्छेहरू

वनभात खान आउने बालकहरू

उपर्युलिखित पात्रहरूलाई निम्नानुसार विभिन्न आधारमा विश्लेषण गर्न सकिन्छ :

### ४.३.१ लिङ्गगतआधारमा

यस आधारमा पुरुष पात्रभन्दा नारी पात्रको सङ्ख्या बढी छ । यहाँ दाउरे बूढो र बूढो मान्छे मात्र पुरुष पात्रका रूपमा उपस्थित भएका छन् । पम्फा, आमा, सियाँलपरी, गुरुआमा, जलपरी, वनदेवी जस्ता पात्रहरू नारी पात्रका रूपमा उपस्थित भएका छन् । दाउरा–घाँस र काठ–पात काट्ने मानिसहरू, साथीहरू, रूख काट्ने मान्छेहरू, वनभात खान आउने बालकहरू जस्ता पात्रहरूको लैङ्गिकता प्रष्ट भएको छैन । 'साथीहरू' बाहेक अन्य पात्रको नामाकरण कार्यका आधारमा गरिएको छ । सोही आधारलाई हाम्रो समाजका नर-नारीहरूले गर्ने घरायसी कार्यसँग तुलना गर्दा यी पुरुष र नारी दुवै वर्गका पात्रहरू हुन् भन्ने कुरा प्रष्ट हुन्छ । प्रत्यक्ष रूपमा उपस्थित भएका अन्य धेरै पात्रहरू र प्रमुख पात्र पम्फा पनि नारी नै भएकाले 'साथीहरू' पनि नारी पत्र हुनुपर्ने कुरा अनुमान गर्न सकिन्छ । यसरी यस उपन्यासमा देखिएका नारी पात्रको अधिक प्रयोगले उपन्यासको नारीसुलभ कोमलता, सरलता, हार्दिकता आदि पक्षलाई सङ्केत गरेको छ ।

### ४.३.२ कार्यकाआधारमा

यहाँ यर्थाथ र स्वप्न गरी दुई परिवेश चित्रण गरिएका छन् । यथार्थ परिवेशमा पम्फा र उसकी आमा मात्र मञ्चिय पात्रका रूपमा उपस्थित भएका छन् । स्वप्नपरिवेशमा पम्फाका साथै अन्य धेरै पात्रहरू आएका छन् । पम्फालाई स्वप्न र यर्थाथ दुवै परिवेशमा उपस्थित गरी उपन्यासको मुख्य उद्देश्य (वृक्ष्यरोपण र वनसंरक्षणको चेतना जगाउनु) तर्फ उन्मुख गराइएकाले पम्फा नै यस उपन्यासकी प्रमुख पात्र हो भन्ने कुरा प्रमाणित हुन्छ । पम्फालाई मुख्य उद्देश्यतर्फ उन्मुख हुन प्रेरित गर्ने सियाँलदेवी, जलपरी, वनदेवी र विपनामा सहयोग गर्ने आमा यस उपन्यासका सहायक पात्र हुन् । लेखक यिनै पात्रहरूका सहायताबाट सम्मोहित गरी पम्फालाई आफ्नो मुख्य उद्देश्यमा अग्रसर गर्दछन् । साथीहरू, दाउरा–घाँस र काठ–पात काट्ने मानिसहरू, दाउरे बूढो, बूढो मान्छे, रूख काट्ने मान्छेहरू, वनभात खान आउने बालकहरू गौण पात्रका रूपमा आएका छन् । यहाँ साथीहरूको भूमिका पम्फासँग खेल्नु हो भने बूढो मान्छेको भूमिका दाउरे बूढो र बालबालिकालाई कटुस बाँड्नु हो । बास्तबमा बूढो मान्छे भनेको कटुसको रूख हो जो दाउरे बूढोबाट काटिँदै छ । जीवनमरणको दोसाँधमा  रहेको बूढो मान्छे (कटुसको रूख) उदार प्रवृत्तिको छ । ऊ दाउरेबाट काटिँदैगर्दा पनि उही दाउरे बूढो र बालबालिकालाई आफ्नो फल स्नेहपूर्वक वितरण गर्दछ । अन्य गौण पात्रहरूको भूमिका वन फडानीसँग सम्बन्धित छ ।

### ४.३.३ प्रवृत्तिगतआधारमा

यस आधारमा मुख्य र सबै सहायक वर्गका पात्रहरू अनि गौण वर्गका बूढो मान्छे र साथीहरू अनुकुल पात्र हुन् । उनीहरू हरियो वन र वृक्ष्यरोपणको पक्षमा छन् । गौण वर्गका रूख काट्ने मान्छेहरू, वनभात खान आउने बालकहरू, दाउरा–घाँस र काठ–पात काट्ने मानिसहरू र  दाउरे बूढो प्रतिकुल पात्रका रूपमा रहेका छन् । यिनीहरूको भूमिका उपन्यासको मुख्य उद्देश्य (वृक्षरोपण र वनसंरक्षणको चेतना जगाउनु) का विपरीत वनविनाससँग सम्वन्धित छ । मुख्य, सहायक र केही गौण पात्रहरू पनि सत पात्र भएकाले

तथा गौण पात्रहरू मात्र असत पात्र भएकाले उपन्यासकार आफ्नो लक्ष्यमा सफलहुने सम्भावना देखिन्छ ।

### ४.३.४ आसन्नताका आधारमा

पम्फा, आमा, सियाँलपरी, जलपरी, वनदेवी, साथीहरू, दाउरे बूढो, बूढो मान्छे, रूख काट्ने मान्छेहरू, वनभात खान आउने बालकहरू मञ्चिय पात्र हुन् । यहाँ पम्फा, आमा, सियाँलपरी, जलपरी, वनदेवी र साथीहरू बढी मात्रामा मञ्चमा उपस्थित भएका छन् । यसमध्ये पनि पम्फा सर्वाधिक मञ्चिय पात्र हो । उसको सपना र विपना दुवै अवस्थामा सक्रिय उपस्थिति रहेको छ । गुरुआमा वास्तविक मञ्चिय पात्र होइन । ऊ त सियाँलपरीमा देखिएको गुरुआमाको छायाँ मात्र हो । दाउरे बूढो, बूढो मान्छे, रूख काट्ने मान्छेहरू, वनभात खान आउने बालकहरू यथास्थानमा थोरै समय मञ्चमा उपस्थित भए पनि साथीहरू पम्फासँगै सपनामा उपस्थित भएका छन् । दाउरा–घाँस र काठ–पात काट्ने मानिसहरू यस उपन्यासका नेपथ्य पात्र हुन् । उनीहरू मञ्चमा उपस्थित नभई कुरा गर्ने सन्दर्भमा मात्र आएका छन् ।

### ४.३.५ आबद्धताका आधारमा

यस आधारमा पम्फा, सियाँलपरी, जलपरी र वनदेवी बद्ध पात्र हुन् । यहाँ पम्फाको भूमिका सर्वाधिक महÙवको छ । अरू बद्ध पात्रहरू पम्फालाई सहयोग गर्न आएका छन् । यहाँ सियाँलपरी, जलपरी र वनदेवी वन अथवा प्रकृतिकै विविध रूप हुन् । दाउरे बूढो, बूढो मान्छे, रूख काट्ने मान्छेहरू, वनभात खान आउने बालकहरू, आमा, गुरुआमा, दाउरा–घाँस र काठ–पात काट्ने मानिसहरू मुक्त पात्र हुन् । यिनीहरू घटनामा सिलसिला जोड्न तथा रोचकता बढाउँन आएका पात्रहरू हुन् ।

### ४.३.६ यथार्थताका आधारमा

यस आधारमा यथार्थ र काल्पनिक गरी दुई प्रकारका पात्रहरू प्रयोग गरिएका छन् । पम्फा, आमा, दाउरा–घाँस र काठ–पात काट्ने मानिसहरू, दाउरे बूढो, रूख काट्ने मान्छेहरू, साथीहरू, गुरुआमा, वनभात खान आउने बालकहरू यथार्थ पात्र हुन् । यिनीहरू हाम्रै समाजका हामी जस्तै मानवीय पात्र हुन् । *सियाँलपरी, जलपरी, वनदेवी, बूढो मान्छे स्वैरकाल्पनिक पात्र हुन् । यसका अतिरिक्त पम्फालगायत सपनामा वनभोज खान जाने उनका अन्य साथीहरू तथा दाउरे बूढो पनि सपनामा नै मुख्य रूपमा आएका पात्र भएका कारण तिनका शरीरमा प्वाँख पलाएको र उडेको, जस्तोसुकै ठोस पदार्थमा पनि छिर्न सकेको आदि घटनाले गर्दा स्वैरकल्पनात्मक वनेका छन्* ।[२६] यिनीहरू प्रकृतिकै विविध रूप हुन् । यी घटनामा रोचकता थप्न तथा बालमानसिकतामा पकड जमाई आफ्नो उद्देश्य पूरा गर्न लेखकले स्वैरकल्पनाका माध्यमबाट प्रयोग गरेका काल्पनिक पात्रहरू हुन् ।

यसरी यो उपन्यास संरचनागत आधारमा छोटो र थोरै पात्रको प्रयोग गरिएको भए पनि पात्रगत विविधतामा सफल देखिएकै छ । छोटो कथानक भएकाले सबै पात्रहरू वन अथवा प्रकृतिको परिधिमा घुमेका छन् । वन अथवा प्रकृति नै केन्द्रीय विषयवस्तु पनि हो । पात्रगत विविधताले रोचकता बढाएको छ । यहाँ बालसुलभता तथा सुबोध्यता पनि कायम रहेको छ । सियाँलपरी, जलपरी तथा वनदेवीको स्वैरकाल्पनिक प्रयोगले बालपाठक मोहित हुने स्थिति आएको छ । समग्रमा औपन्यासिक लक्ष्यतर्फ डोऱ्याउन पात्रयोजना सफल रूपमा प्रयोग गरिएको छ । पात्रयोजनामा स्वैरकल्पना यस उपन्यासको वैशिष्ठ्य हो ।

---

[२६] राजेन्द्र लिम्बू, **पूर्ववत्**, पृ४७ ।

## ४.४ वनदेवी बालउपन्यासभित्रको स्वैरकल्पनाको विश्लेषण

प्रकृतिविज्ञानसँग सम्बद्ध गहकिलो भौगोलिक ज्ञान बालबालिकाहरू माझ सम्प्रेषण गर्न कवितारामद्वारा लेखिएको यस बालउपन्यासमा स्वैरकल्पनालाई साध्यका रूपका नभई साधनका रूपमा प्रयोग गरिएको छ । उपन्यासको शुरुवात सामान्य घटनाबाट नै गराइएको छ । उपन्यास अघि बढ्ने क्रममा पम्फाको टाउको दुख्नु, सुत्नुको बलियो कारण वनेर आउँछ भने सुतेपछि सपना देख्नु स्वैरकल्पनाभित्र प्रवेशको आधारविन्दुका रूपमा रहेको छ । प्रायः सपनाहरू सबै स्वैरकाल्पनिक किसिमका नै हुन्छन् । यहाँ पम्फाले देखेको सपना पनि स्वैरकाल्पनिक नै रहेको छ । उपन्यासको सम्पूर्ण कथावस्तु पम्फाको सपनामा घटित घटनाहरूबाट नै निर्माण भएका छन् । फलतः यो बालउपन्यासमा स्वैरकल्पनाको प्रयोग भएको छ भन्न सकिन्छ । यहाँ प्रयोग गरिएको स्वैरकल्पना लेखकको वाइयात कल्पना मात्र नभएर माथि भनिएझैँ प्रकृतिविज्ञानसँग सम्बद्ध यथार्थ कुरालाई बुझाउन एक उत्तम तथा प्रभावकारी उपाय वनेर आएको छ । यस बालउपन्यासमा परी, देवीदेवताजस्ता अलौकिक पात्रको कल्पना गरी लेखक नेपाली बालबालिकाको मनोविज्ञानलाई राम्ररी सम्बोधन गर्न सफल वनेका छन् । तिनै पात्रहरूको सहारा लिई बालसुबोध घटनाहरूको प्रयोग गरी सत्य तथा उपयोगी कुराहरूलाई बताउने प्रयास यहाँ गरिएको छ । वनको महत्व तथा फाइदाका बारेमा बालबालिकालाई बताउने मुख्य उद्देश्य रहेको यस बालउपन्यासका वनदेवीलाई वनको सादृश्यका रूपका प्रस्तुत गरी सबैकी आमा समान वनको महत्व भएको कुराको चर्चा गरिएको छ ।

लगभग पूर्ण रूपमा स्वैरकल्पनाकै तानाबानाले बुनिएको यस बालउपन्यासको परिवेश, घटना, पात्र आदि सबैको निर्माणमा स्वैरकल्पनाको सहारा लिइएको छ । उपन्यासको आरम्भतिर नै यथार्थमा बोटबिरुवा तथा पशुपंक्षी केही पनि नभएको मिर्गेपाखालाई मनोहर तथा घना जङ्गलका रूपमा चित्रण गरी सुरम्य स्थल वनाउने काम परिवेशगत स्वैरकल्पनाबाट भएको छ । उक्त वनलाई विभिन्न बोटबिरुवा, फलफूल, पानीपोखरी,

खोलानाला भएको तथा सियाँलपरी, जलपरी, वनदेवीलगायत विभिन्न प्रकारका पशुपंक्षीहरूका बासस्थानका रूपमा चित्रण गरी त्यहाँ रहेका सम्पूर्ण वनस्पति, पशुपंक्षीहरूमा एकअर्काका बीच सुमधुर सम्बन्ध स्थापित भएको देखाइएको छ भने ती वनस्पति तथा पशुपंक्षीहरूले वनभोज खान गएका बालबालिकाहरूसँग पनि उत्तिकै मनोरञ्जन लिँदै मायालु व्यवहार गरेको प्रसङ्गले थप स्वैरकाल्पनिकता प्रदान गरेको छ । सियाँलपरी र जलपरीको मायालु सान्निध्य पाएपछि वनदेवीको सहायतामा उड्दै मिर्गे वनको वरिपरि रहेका विभिन्न ठाउँहरूको भ्रमण गर्दा देखिएका तथा पुगेका स्थानहरू पनि यहाँ परिवेशकै रूपमा आएका छन् । यसै क्रममा पैरो गएको, डढेलो तथा मानिसहरूले वनफँडानी गरेको  उराँठ लाग्दो जमिन आदिहरू पनि यहाँ परिवेशकै रूपमा आएका छन् । जे होस्, पृष्ठभूमिमा रहेको (स्मृतिमा) पम्फाकी आमाका पालाको मिर्गेवनदेखि हाल भएको मिर्गेपाखासम्म आइपुग्दाको लामो समय (दुई पुस्ता) को समयावधिलाई समेट्ने काम यस वालउपन्यासमा भएकोछ । पहिलेको मिर्गेवन अहिले कसरी मिर्गेपाखामा परिणत भयो भन्ने तथा वनफडानी भएपछि त्यसको असर कस्तो किसिमले परेको छ भन्ने देखाउन परिवशगत स्वैरकल्पनाको निर्माण गरेको प्रतीत हुन्छ ।

यसैगरी यस उपन्यासमा घटित विभिन्न घटना तथा कार्यहरू पनि स्वैरकाल्पनिक किसिमका रहेका छन् । ती घटनाहरूमा सपनामा पनि टाउको दुखेर एउटा रूखको फेदमा सुतिरहेकी पम्फा भएको ठाउँमा सियाँलपरी उड्दै झरेर पम्फालाई मायाले सुम्सुम्याउनु र पम्फाको टाउको दुख्न निको हुनु, नजिकै ढल्दै गरेको रूखबाट एउटा बूढो मान्छे निस्कनु र बालकहरूलाई कटुसको फल बाँडिदिनु । पानीको दहबाट आधा माछाको र आधा मान्छेको शरीर भएकी जलपरी पानीको घडा कम्मरमा बोकेर आउनु र पानी खुवाउनु, आँखा चिम्म गरी जलपरीले गाएको गीत एकचित्त भई सुन्दा पर कतै उज्यलो विन्दुतिर उड्दै जानु, त्यो ठाउँ एकदमै मनमोहक किसिमको हुनु र एउटा अति नै उज्यालो मुहार गरेकी देवी सबैले आफ्नै आमाका रूपमा पाउनु, त्यहाँ भएका फलफूलका बोटहरूले आफै फलफूल बाँडिदिनु र फूलहरू आकाशमा उडेर आफै बर्सिनु, वनदेवीले बालकहरूलाई

उडाउँदै लगेर वन तथा पृथ्वीको गर्भभित्र रहेका वस्तुस्थितिको अवलोकन गराउनु आदि जस्ता घटना तथा क्रियाकलापहरू स्वैरकाल्पनिक रहेका छन् । यी घटनाहरूको प्रयोगद्वारा मनोरञ्जनका साथ बालबालिकाहरूलाई प्रकृति सम्बन्धी जानकारी दिने कार्य गरिएको छ । यसले कथानकलाई सशक्त र प्रभावकारी ढङ्गमा अगाडि बढाउन सहयोग गरेको छ ।

प्रकृति (विशेषतः वन) र मानिसका बीचको अभेद्य सम्बन्धलाई प्रस्तुत गर्न सर्वप्रथम स्वैरकाल्पनिक घटनाको प्रयोग गरिएको हो । यहाँ सियाँलपरीले पम्फालाई माया गर्दै सुम्सुम्याउँदा उनको टाउको दुख्न निको हुनुजस्ता घटनाले सोही कुराको पुष्टि गर्छ । यहाँ सियाँलपरी वास्तवमा रूखबाट पाइने शीतलताको प्रतीक हो । यस्तै ढल्दै गरेको रूखबाट मान्छे निस्कनुले चाहिँ वनफडानी तीव्र रूपमा भइरहेको तर वनले मानिसलाई प्रत्यक्ष–अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने  भएकाले रूख काट्न नहुने सन्देश दिएको छ । अझ रूखबाट बूढो मान्छे निस्केको स्वैरकाल्पनिक घटनाले त रूखले मानिसलाई  हरेक कुरामा फाइदा पुऱ्याउने तथा रूख मानिसजस्तै हुनाले त्यसलाई काट्न हुँदैन भन्ने संवेदनशील कुरालाई सङ्केत गरेको छ । यस्तै जङ्गल भएको ठाउँमा दहको अस्तित्व देखाएर जङ्गल भएमा पानी हुने र पानी भए प्राण रहने कुरालाई जलपरीको उपस्थिति गराएर बताइएको छ । यसरी वन भएमा जीवन छ नभएमा विराम, दुःख, पीडा, मृत्यु आदि छन् भन्ने यथार्थलाई स्वैरकाल्पनिक रूपमा यहाँ प्रस्तुत गरिएको छ । यसले अप्रत्यक्ष (अन्योक्तिमूलक) ढङ्गमा वनको महत्वका बारेमा प्रकाश पार्दै त्यसको संरक्षण गर्नुपर्ने कुरालाई  व्यक्त गरेको छ ।

यी कुरालाई अझ प्रभावकारी ढङ्गमा व्यक्त गर्न स्वैरकल्पनाको सहायता लिई  कथावस्तु अगाडि बढाइएको छ । जलपरीले कलकल ध्वनिमा गाएको गीत, आँखा चिम्म गरी एकचित्त भई सुन्दा उज्यालो विन्दु देखिनुले वनप्रतिको मोह तथा त्यसका बारेमा जान्ने दृढ ईच्छालाई व्यक्त गरेको छ भने पखेटा उम्रनुलेचाहिँ दृढ ईच्छा शक्तिले अन्ततः कुनै पनि विषयको बारेमा ज्ञान सजिलै आर्जन गर्न सकिन्छ भन्ने कुरालाई सङ्केत गरेको  छ ।

यसैको फलस्वरूप वनसम्बन्धी सर्वज्ञता वनदेवीसमक्ष बालकहरू उड्दै पुग्न सफल हुन्छन् र वनका अन्य पक्षहरूलगायत पृथ्वीको गर्भभित्रको धरतलीय स्वरूप र त्यसको वनोटका कारक तत्वहरूबारे बुझ्न बालबालिकाहरू सफल बन्छन् । यहाँ वनदेवीले एउटा रूखको पात टिपेर हम्कनुलाई आफूसँग रहेको वनसम्वन्धी तथा अन्य ज्ञानलाई बालकहरूसमक्ष पुऱ्याएको मान्न सकिन्छ । जसको फलस्वरूप सम्पूर्ण बालबलिकाहरूको भित्री आँखा (ज्ञानको आँखा) उघ्रनुका साथै आफैंले आफैंलाई देख्न नसक्ने तथा जस्तोसुकै ठोस पदार्थमा पनि छिर्नसक्ने अलौकिक शक्ति पनि प्राप्त गर्दछन् । यसै कारणले गर्दा पृथ्वीको गर्भभित्र छिरेर वन भएको र नभएको जमिनको संरचनागत फरकपन छुट्याउन सफल हुन्छन् । यस क्रममा यहाँका रूख भएको जमिनमुनि पानी हुने तथा रूखको जराले जमिन समातेर पहिरो लड्न नदिने यथार्थ कुरा एकापट्टि बताइएको छ भने अर्कातिर जङ्गल नभएको जमिनमुनि पानी नभएको, एकदमै तातो भएर बाँच्नै कठिन भएको तथा बाहिर पहिरो गएको, प्राणीहरू सबै मरन्च्याँसे मात्र भएको, सबै बालकहरू लगायत स्वयम् वनदेवी पनि विरामी परेको देखाएर वनको महत्वलाई रोचक ढङ्गमा स्पष्ट पार्ने काम गरिएको छ । तसर्थ यहाँ प्रयोग गरिएका घटनाहरू स्वैरकाल्पनिक भए तापनि ती घटनाहरूले प्रकृतिको यथार्थ पक्षलाई नै सशक्त रूपमा उद्घाटन गरेका छन् ।

पात्रहरूलाई हेर्दा यहाँ प्रयोग गरिएका सियाँलपरी, जलपरी, रूखबाट निस्केको बूढोमान्छे जस्ता पात्रहरू पूर्णतः स्वैरकाल्पनिक रहेका छन् । यसका अतिरिक्त पम्फालगायत सपनामा वनभोज खान जाने उनका अन्य साथीहरू तथा दाउरे बूढो पनि सपनामा नै मुख्य रूपमा आएका पात्र भएका कारण तिनका शरीरमा प्वाँख पलाएको र उढेको, जस्तोसुकै ठोस पदार्थमा पनि छिर्न सक्ने आदि घटनाहरूले गर्दा स्वैरकाल्पनिक नै रहेका छन् । मुख्यतः बालपात्रको प्रयोग गरी लेखिएको यो बालउपन्यासमा बालबालिकाले बुझ्नसक्ने सरल भाषाको प्रयोग गरिएको छ । सामान्य घटनाबाट उपन्यास सुरु गरेर स्वैरकल्पनाको समायोजन गरिएको छ । विशेष गरी कलात्मक र सरल पारामा प्रकृतिसम्वन्धी गहिरो यथार्थलाई यहाँ विषयको रूपमा प्रतिपादन गरिएको छ । विशेष गरेर वन नभएको ठाउँका

विभिन्न पाकृतिक प्रकोपहरू र अन्य दुःख, पीडहरू रहेको कुरा देखाएर मानिसलाई वनप्रतिको व्यवहारमा सचेत रहनुपर्ने आग्रह गरिएको छ भने  सम्पूर्ण प्राणी मात्रकै आमाका रूपमा रहेकी वनदेवी (वन) लाई  समेत सङ्कटमा परेको देखाएर वनको संरक्षण तथा वृक्षरोपण हुनु अति आवश्यक छ भन्ने सन्देश प्रतीकात्क रूपमा यहाँ व्यक्त गरिएको छ । उक्त कुराको पुष्टिका लागि बालउपन्यासको अन्त्यमा पम्फाले सम्झेका यी कुराहरूलाई अगाडि सार्न सकिन्छ : *आफ्नी आमाको मुहार हँसिलो बनाउन र आमालाई सधैँ बलियो राख्न तिनले रूख रोप्नुपर्छ ।  बारीमा रोप्नुपर्छ । मिर्गेपाखमा रोप्नुपर्छ । फलफूलको लागि रोप्नुपर्छ । दाउरा–घाँसको लागि रोप्नुपछ । स्वस्थ्यको लागि रोप्नुपर्छ । पशुपक्षी संरक्षणको लागि रोप्नुपर्छ । पानी र जग्गा संरक्षणकोलागि रोप्नुपर्छ र आर्थिक स्थिति बलियो पार्न रोप्नुपर्छ ।*[२७]

## ४.५ वनदेवी  उपन्यासको मनोवैज्ञानिक पक्ष

**वनदेवी**  उपन्यासमा मनोवैज्ञानिक पक्षको खोजी गर्दा तीन प्रकारका मनोविज्ञान पाईए । ती हुन् : लेखकसँग सम्बन्धित लेखकमनोविज्ञान, पात्रसँग सम्बन्धित पात्रमनोविज्ञान र स्वप्नसँग सम्बन्धित स्वप्नमनोविज्ञान ।

लेखकले आफ्ना विचारहरू पाठकसामु सम्प्रेषण गर्नका लागि जुन रूपको प्रस्तुती दिएका छन् त्यसबाट लेखकमनोविज्ञान खोज्नु पर्दछ । यहाँ विज्ञान तथा प्राकृतिक दृष्टिले यथार्थ कुराहरूलाई अयथार्थ र अपत्यारिलो पारामा प्रस्तुत गरिएको छ । स्वैरकल्पनाको भरपुर प्रयोगले यहाँका घटना र क्रियाकलापलाई अपत्यारिलो वनाएको हो ।

[२७] कविताराम श्रेयष्ठ, **वनदेवी**(सा.प्र.,चौ.सं., २०६४), पृ.१७ ।

*छोराले आमाप्रति यौन आकर्षण र बाबुप्रति विकर्षण देखाउँछ एवं छोरीले बाबुप्रति यौन आकर्षण र आमाप्रति विकर्षण देखाउँछिन्*[२८] भन्ने फ्रायडको मान्यता यस उपन्यासले स्वीकार गरेको छैन । यहाँ पुरूषभन्दा नारी पात्रको सङ्ख्या बढी छ । पम्फा टाउको दुखेर सुत्दा उनकी आमाले नजिक आई टाउको थिचिदिएको, सपनामा पनि सियाँलपरीलाई आमा समानकी गुरुआमाका रूपमा देखाएको, र तिनीहरूले (सबै बालकहरूले ) आफ्नै आमाका  रूपमा देखेको र तिनीहरूसँग अत्यन्त प्रभावित भई आकर्षण देखाएको तथा आमारूपी वनदेवीको वृद्धा र दयनीय अवस्थामा सुधार ल्याई सुरक्षित राख्नका लागि स्वप्नामा पनि वन रोप्ने कुरा गरेको र विपनामा आमासँग वन रोप्ने जिज्ञासा प्रकट गरेको सन्दर्भबाट आमा-छोरीबीच कति बढी स्नेह र आकर्षण छ भन्ने कुरा देखाइएको छ । यस उपन्यासमा पुरूष पात्रका रूपमा बूढो मान्छे र दाउरे बूढो आए पनि आमा-छोरा अथवा बाबु-छोरीका बीचको आकर्षणको सन्दर्भ चर्चासमेत गरिएको छैन ।

*दमित चाहनाहरू स्वप्नका माध्यमबाट चेतनाको तहमा आउँछन् ।*[२९]  पम्फा र साथीहरू मिर्गेपाखामा वनभात खान गए तापनि त्यहाँ वन थिएन । दिनभरिको टन्टलापुर घामले उनीहरूलाई सताउनसम्म सतायो । पम्फाले त्यो पीडा सहन नसकेकाले टाउको दुखाइमा परिणत भयो । आफ्ना मनमा प्राकृतिक रमणियतामा रमाउने रहरहरू छँदै थिए । आमाले आफ्ना पालाको मिर्गे वनको कुरा झिकेपछि पम्फाका अन्तर्मनका चाहनाहरू जुर्मुराएर उठ्नु स्वभाविकै हो । टाउको दुखेका कारणले पम्फालाई एस्प्रिन खुवाइएको थियो । अर्कातिर दिनभरिको थकान पनि छँदै थियो । यस्तो अवस्थामा न त रमणिय वनका बारेमा आमासँग कुरा गर्ने सामर्थ्य थियो न आमाका कुरा सुन्ने । मनभरि जुर्मुराएका चाहनाहरू बाकेकी पम्फालाई  निद्राले छोप्यो । तिनै चाहनाहरूले स्वप्नको रूप लियो र स्वप्नका माध्यमबाट वनमा विचरण गरायो । पम्फालाई *अहिले पो त्यसलाई मिर्गेपाखा भनिन्छ त ऊ बेला मिर्गेवन भनिन्थ्यो । वन बाक्लो भएकाले मिर्गको त्यहाँ छापै पाइन्थ्यो । अब त*

---

[२८] ईश्वर     वराल रअन्य, **नेपाली साहित्यकोश**, (ललितपुर, सा.प्र., प्र.सं., २०५५)पृ.५८१ ।

[२९] मुरारीप्रसाद रेग्मी, **मनेविश्लेष्णत्मक समालोचना**,(ललितपुर, सा.प्र, प्र.सं.,२०५३,) पृ.३ ।

*त्यो सबै कुरा कथा मात्रै भएको छ*[30] भन्ने आमाको भनाईले पनि गहिरो प्रभाव पारेको छ । सोही प्रभाव स्वप्नमा देखियो । उनी हरियो वनमा जलपरी, सियाँलदेवी ,वनदेवी तथा आफ्ना साथीहरूका साथमा रमाउन लागिन् । वन नासिएकोमा उनलाई दुख लागेको थियो । वन विनास हुँदा हुने हानीहरूका बारेमा उनलाई ज्ञान थियो त्यसैले उनी स्वप्नमा रूख नभएको उजाड डाँडामा पुग्छिन्, त्यस डाँडाका मुनि (जमिनमुनि ) रूखका जराहरू तथा पानीको श्रोत नभएको र सबै गर्मी बढेको कुरा पनि स्वप्नमा देख्दछिन् ।

*आमाबाबुको माया, प्रेम, दण्ड र पुरस्कारको फलस्वरूप बच्चाहरूमा शील गुणको बीजारोपण हुन्छ ।*[31] पम्फाले घरमा आमाबाट राम्रो स्नेह पाएकी छिन् । उनको टाउको दुख्दा आमा चिन्तित भएको सन्दर्भ देखाइएको छ । आमाले स्नेहवस पम्फाको टाउको थिचिदिएको कुरा पनि प्रस्तुत गरिएको छ । यी सन्दर्भबाट पम्फालाई आमाले गरेको स्नेहको मात्रा थाहा पाउन सकिन्छ । स्वप्नामा पनि पम्फालाई आमासमानकी गुरुआमाका रूपमा आएकी सियाँलपरी, वनदेवी अनि पानी दिएर सहयोग गर्ने जलपरी आदिले गरेको स्नेह पनि देखाइएको छ । साथीहरू खेलमै रमाए पनि पम्फालाई पूर्णतः वेवास्ता नगरी रूखको सियाँलमा राखेका छन् । यी विभिन्न सन्दर्भहरूले पम्फा प्रसस्त माया–स्नेहको भागी भएको कुरालाई सङ्केत गर्दछन् । यही माया–स्नेहकै कारणले पम्फामा शील गुणको विकाश भएको हो, जसले पम्फालाई वृक्षरोपणतर्फ प्रेरित गराएको छ ।

## ४.६ शीर्षक

झट्ट हेर्दा **वनदेवी** उपन्यासको शीर्षकले ‘वनकी देवी’ भन्ने अर्थ बुझाएझैँ लाग्दछ । तर यस उपन्यासले उपर्युक्त तत्पुरुष समाससँग सम्बन्धित अर्थ ग्रहण नगरेर ‘वन नै देवी’

---

[30] कविताराम श्रेष्ठ, **पूर्ववत्**, पृ.२ ।

[31] ईश्वर वराल र अन्य, **पूर्ववत्**, पृ. ५८० ।

भन्ने कर्मधारय समाससँग सम्बन्धित अर्थ ग्रहण गरेको छ । यस उपन्यासमा कहीँ कतै पनि परम्परागत रुढिसँग सम्बन्धित वनदेवीको चर्चा गरिएको छैन न त फूलपाती लिएर वनदेवीको उपासना गर्ने तथा गर्नुपर्ने धारण नै अघि सारिएको छ । यहाँ त वनलाई कल्याणी देवीका रूपमा हेरिएको छ । वन, सियाँल र जलका बीचको घनिष्ट सम्वन्ध देखाइएको छ, त्यसैले वनबाट वनदेवी, जलबाट जलपरी र रूखबाट सियाँलपरीको सन्दर्भ निकालिएको हो । जहाँ वन हुन्छ, त्यहाँ सियाँल र जल पनि हुने कुरा अघि सारिएको छ । जलले प्यासाको प्यास मेटाउँछ, सियाँलले सितलता दिन्छ र वनले मानिसलाई फलफूल दिनुका साथै जल र सियाँलको संरक्षण गर्दछ र जमिनलाई पहिरो जानबाट पनि जोगाउँदछ । यसरी कल्याणका दृष्टिले जल र सियाँल जति महत्वपूर्ण छन्  त्यो भन्दा वन बढी महत्वपूर्ण देखियो । वनलाई देवीका रूपमा चित्रण गरिएको छ । जसरी देवी-देवताले सारा मानिसलाई विना भेदभाव कल्याण गर्दछन् त्यसरी नै वनले पनि सवैको हित गर्ने कुरा यस उपन्यासमा चित्रण गरिएको छ । कटुसको रूखले आफूलाई काट्ने व्यक्ति तथा खेलिरहेका निर्दोष बालबालिकालाई समान रूपमा आफ्नो फल वितरण गरी समान व्यवहार गरेको सन्दर्भबाट पनि वनलाई देवीको रूपमा हेरिएको कुरा प्रष्ट हुन्छ । यसै गरी वनलाई देवीसमानकी आफ्नै आमाका रूपमा सबै बालबालिकाका माध्यमबाट चित्रण गरिएको छ । सियाँललाई शिक्षादाता सरस्वतीको प्रतिमूर्ति गुरुआमाका रूपमा चित्रण गरिएको छ । सियाँल भन्नु वनकै अर्को रूप हो । सियाँल र वनलाई  आमा तथा गुरुआमाका रूपमा चित्रण गरी वनलाई साँच्चैकी कल्याणी देवीका रूपमा चित्रण गरिएको छ ।

यस उपन्यासमा वनलाई देवीका रूपमा चित्रण गर्नुका साथै सम्पूर्ण कथानक वनकै परिधिमा निर्माण गरिएको छ । वनभात खान गएका ठाउँमा वन थिएन त्यसैले टन्टलापुर घाममा पनि सियाँल ताप्न पाईएन, अनि पम्फाको  टाउको दुख्यो । पम्फा सपनामा वनमा जलपरी, सियाँलपरी तथा आफ्ना साथीहरूका साथ घुमिरहेको, वन भएको जमिनमुनि वनका जरा तथा पानी भएको, वन नभएका पाखामुनि जरा तथा पानी नभएको, पहिरोले विकराल रूप लिएको जस्ता सन्दर्भ यस उपन्यासका प्रमुख घटना तत्वहरू हुन् । यसरी

वनलाई विभिन्न दृष्टिकोणबाट देवीका रूपमा चित्रण गरी वनकै परिधिमा उपन्यास रचना गरिएकाले पनि उपन्यासको शीर्षक सार्थक भएको देखिन्छ ।

## ४.७ उद्देश्य

यस उपन्यासको उद्देश्य वनको महत्वसँग सम्बन्धित छ । यहाँ स्वैरकल्पनाका माध्यमबाट वनका विभिन्न महत्वहरू देखाइएका छन् । वनलाई पानी र सियाँलको मूल स्रोतका रूपमा चित्रण गरिएको छ । मृगजस्ता वन्यजन्तुको बासस्थानका रूपमा प्रस्तुत गरिएको छ । वन नभएका नाङ्गा पाखामा पहिरोको समस्या देखाई वनले पहिरो जानबाट रोक्ने सन्दर्भ पनि उल्लेख गरिएको छ ।

**वनदेवी** उपन्यासमा वनलाई विभिन्न दृष्टिकोणबाट हेरिएको छ । सियाँलपरीलाई गुरुआमाका रूपमा चित्रण गरिएको छ । **वनदेवी**मा वनलाई सबैकी आमाका रूपमा देखाइएको छ । कटुसको बोटले आफ्नै संहार गर्न खोज्ने दाउरे बूढालाई पनि भेदभावपूर्ण व्यवहार नगरी समान रूपमा कटुस वितरण गरेको छ । वनकै कारणले जमिनमुनि पानीको खण्ड संरक्षित रहेको छ । पहिरो जानबाट पनि वनले नै जोगाएको छ । वन नै अनेकौँ जीवहरूको आश्रयस्थल वनेको छ । वन नभएका ठाउँमा पानीको समस्या छ । पहिरोले जमिन सखाप वनाएको छ । चर्को घामले दिनु सास्ती दिएको छ ।

**वनदेवी** उपन्यास २०३६ सालमा प्रथमपटक प्रकाशित भएको हो । त्यो समयमा नेपालमा तीव्र वनफडानी भइरहेको थियो । काठको चोरीतस्करीमा व्यापकता आएको थियो । यस अवस्थामा वनफडानी रोकी ‘हरियो वन नेपालको धन’ भन्ने नारालाई सार्थकता दिइरहनु चुनौतिपूर्ण नै थियो । यस्तो बिषम परिवेशमा उपन्यासकार कवितारामले प्रस्तुत **वनदेवी** उपन्यास लेखी आफ्ना बालपाठकहरूमा वनको महत्व जगाउने प्रयत्न गरेका छन् ।

**वनदेवी** उपन्यासले बालपाठकहरूलाई मनोरञ्जन पनि दिएको छ । यहाँ स्वैरकल्पनाको कलात्मक प्रस्तुति गरिएको छ । वन, सियाँल, तथा जल आदिलाई परीका रूपमा प्रस्तुत गर्दा उपन्यासको रोचकतामा वृद्धि भएको छ । यसैगरी यस उपन्यासले आफ्ना बालपाठकहरूलाई प्रकृति तथा भूगोलको ज्ञान पनि दिएको छ ।*'हरियो वन नेपालको धन' लाई घोकन्ती पाराले होइन बालसुबोध घटना र दृश्यावलीका तानाबानाले बुनिएको यस बालउपन्यासका माध्यमले बालमस्तिष्कमा स्पष्ट्याउन लेखकले अथक प्रयास गर्नुभएको छ । यसै क्रममा यहाँ सपना र कल्पनामा सजीव जलपरी र सियाँलपरीसँगको मायालु सान्निध्य बालपाठकलाई प्राप्त हुनाका साथै वनदेवीलाई केटाकेटी सबैकी आ-आफ्नी आमाको रूपमा आकाशमार्गमा आनन्दले उड्दै पछ्याउन पाएको प्रसङ्गदेखि लिएर तल पृथ्वीभित्र रूखका जरा, खोला र माटोको विषयमा ज्ञान गराउँदै प्रकृतिविज्ञानसँग सम्बद्ध गहकिलो भौगोलिक ज्ञान पनि सम्प्रेषण गर्न लेखक कविताराम सफल हुनुहुन्छ ।*[३२]

सारांशमा भन्नुपर्दा वनको महत्व देखाउनु, बालबालिकालाई सामान्य मनोरञ्जन दिनु, भूगोल र जलसम्पदा आदिका बारेमा ज्ञान दिनु नै वनदेवी उपन्यासको मुख्य उद्देश्य हो ।

## ४.८ वनदेवी उपन्यासको भाषाशैली

**वनदेवी** उपन्यासमा सरल, सहज र सुबोद्य भाषा तथा शैलीको प्रयोग गरिएको छ । यहाँको भाषाशैली बालोपयोगी रहेको छ । *वनदेवी, जलपरी र सियाँलपरी जस्ता रसिला नामद्वारा पात्रको नामकरण गरिनु, मेरी बाबा, नानी जस्ता शब्दको प्रयोग गरिनु बालबालिकाका लागि रुचिकर कुरा हुन् ।*[३३] यहाँ खडेरी, हड्डी, मिर्गेपाखा, बाक्लो, वनभात, उराठलाग्दो, आँसु, आँखा, कटुस, छक्क, झुप्पा, डढेलो, जस्ता ठेट नेपाली तथा

---

[३२] कविताराम श्रेष्ठ, **पूर्ववत्**, भूमिका खण्ड ।
[३३] यशोद कुँवर, **पूर्ववत्**, पृ. २९ ।

तद्भव नेपाली शब्दहरूको प्रयोगका साथै शरीर, जलपरी, सुन्दरी, पूर्ण, विन्दु, आकाश, आकशमार्ग, वन, जस्ता तत्सम शब्दहरूको प्रयोग पाइन्छ । बखत जस्ता आगन्तुक शब्दको प्रयोग भने कमै मात्रामा पाइन्छ । 'म जलपरी हुँ, म जलपरी हुँ' जस्ता रसिला गीतका अंशहरूले पनि यस उपन्यासको भाषिक कलात्मकता बढाएको पाइन्छ । कलकल, फटफट, जर्जर, बुरुकबुरुक, हृष्टपुष्ट जस्ता अनुकरणत्मक शब्दले भाषालाई अझ आकर्षक वनाएको छ । सपना र विपनाको प्रयोग गरिएको छोटो उपन्यास भए पनि कथानकको ढाँचा सामान्यतः रैखिक नै देखिन्छ । सपनाअगाडिको थोरै अंश र पछाडिको थोरै अंशलाई विषयवस्तुगत एकरूपताले जोडेकै छ । वाक्यगठनमा पनि सरलता नै छ । *'एउटा दाउरे बूढो एउटा रूख काट्दै थियो ।'*[३४] जस्ता वाक्य बालबोद्यताका दृष्टिले सान्दर्भिक छन् । *'आफूलाई काटे पनि आफ्नो फल खुवाउने त्यो बूढो रूख देखेर  सबै बालकहरू छक्क परे'।*[३५] जस्ता केही वाक्यमा एकभन्दा बढी असमापिका क्रिया पदको प्रयोगले संरचनागत जटिलता देखिए पनि बोद्यतामा कुनै कसर देखिदैन । स्वैरकल्पनाको प्रयोगले यस उपन्यासको शैली पक्ष अझ सशक्त बनेको छ । यसैले उपन्यासमा रोचकता समेत बढाएको छ । यस उपन्यासको भाषा र शैली सरल, सहज, सम्प्रेस्य हुनुका साथै बालबालिकाका लागि अत्यन्तै रोचक र स्तरिय पनि छ ।

## ४.९ वनदेवी उपन्यासमा द्वन्द्व

**वनदेवी** बालउपन्यासमा द्वन्द्वयोजनाको सशक्त प्रस्तुति नपाइए पनि सामान्य सङ्केत भने पाउन सकिन्छ । यहाँ वनको संरक्षण गर्ने र विनास गर्ने दुई पक्षका बीचको सामान्य वैचारिक भिन्नता अथावा द्वन्द्व पाउन सकिन्छ । कटुसको रूख जीवन चाहन्छ । दाउरे बूढोले कटुसको रूख काटिरहेको छ । तथापि कटुसको रूखले कुनै प्रतिकार गरेको छैन । उसले सबै बालबालिकाहरू र दाउरे बूढोलाई समेत कटुस दिएर आफ्नो उदारता प्रकट

---

[३४] कविताराम श्रेष्ठ् **पूर्ववत्** पृ.६ ।

[३५] कवितराम श्रेष्ठ, **पूर्ववत्,** पृ. ७ ।

गर्दै सबैलाई आफूप्रति सहानुभूति प्रकट गर्नुपर्ने अवस्था सृजना गराएको छ । यस सन्दर्भमा कटुसको रूख र दाउरे बूढोका बीचमा सामान्य द्वन्द्व देख्न सकिन्छ । यस उपन्यासमा अन्य व्यक्तिहरूबाट पनि वनफडानी भएको छ । तर ती व्यक्ति /पात्रहरूको नाम प्रष्ट किटान गरिएको छैन । चर्न गएका पशुहरूले पनि साना बिरुवा कुल्चिएर वनसंरक्षणमा प्रतिकुल भूमिका निर्वाह गरेका छन् । यिनै वनफडानी गर्ने व्यक्ति र पशुहरूको वनसंरक्षण गर्ने पक्षका बीचमा सामान्य द्वन्द्व उत्पन्न भएको छ । यहाँ प्रकृति र मानव अथवा मानवीकृत जीव/प्राणीका बीचमा पनि सामान्य द्वन्द्व देखाइएको छ । वन फाँडिएपछि पानीको स्रोत नभएको, चिसो हावा नचलेको, सियाँल नभएको अवस्थामा प्रकृतिले आफ्नो तातो रूप प्रकट गर्दा घुम्न निस्किएका वनदेवी, पम्फा र साथीहरू गर्मीको मारमा परेको सन्दर्भले प्रकृति र मानव अथवा मानवीकृत जीव/प्राणीका बीच सामान्य द्वन्द्वत्मक स्थिति उत्पन्न भएको पाउन सकिन्छ । यसरी यस उपन्यासमा बाहिरी रूपमा प्रकट हुनेगरीको द्वन्द्व नदेखिए पनि आन्तरिक द्वन्द्व उपर्युल्लिखित रूपमा भएको पाइन्छ ।

## ४.१० कौतूहल

कौतूहलका दृष्टिबाट पनि **वनदेवी** उपन्यास सफल देखिन्छ । यहाँका प्रत्येक घटनापछि अब के होला भन्ने जिज्ञासा जागिरहन्छ । यही कौतूहलताका कारणले बालपाठक पनि उपन्यास पढ्न थालिसकेपछि नसकी उठ्न चाहँदैनन् । यहाँ जलपरीको गीत सुनिरहेका बेलामा जब सियाँलपरीले उनीहरूलाई आँखा चिम्लन लगाइन् त्यहाँ अब के हुने हो भन्ने ठूलो जिज्ञासा सिर्जना भएको छ । केटाकेटी पखेटा हालेर उडेपछि कहाँ पुग्ने हुन् भन्ने सन्दर्भले पनि कौतूहलको जन्म हुन्छ । वनदेवीलाई पछ्याउँदै बालबालिकाहरू जमिनमुनि जाँदा होस् अथवा आकाशमा उड्दा कौतूहलतामा कुनै पनि कमी आएको छैन । कटुसको रूखबाट बूढो मान्छे निस्कँदा अथवा सियाँलपरी र वनदवीलाई भेट्दा तथा जलपरीको आगमन हुँदाको अवस्था कुनै पनि कम कौतूहलमय छैनन् । जमिनमुनि

गर्मीले सताउँदा उनीहरूले के गर्लान्, अब कसरी बाहिर आउलान्, आकाशमा उड्दाको क्षण कति रमाइलो भयो होला  भन्ने सन्दर्भले पनि प्रस्तुत उपन्यासमा कौतूहलता बढाएको छ ।

## ४.११ कथोपकथन

कथोपकथन दुई प्रकारका हुन्छन् : वर्णनात्मक कथोपकथन पद्धति र नाटकीय कथोपकथन पद्धति । यस उपन्यासमा दुवै प्रकारका कथोपकथन प्रयोग गरिएका छन् । लेखक आफैंले कतिपय ठाउँमा वर्णन गरी घटनालाई अगाडि बढाएका छन् भने कतिपय ठाउँमा पात्रहरूका बीचमा संवाद गराएर घटनालाई अगाडि बढाएका छन् । *त्यसै बखतमा नजिकैको पानीको दहमा पानी छचल्किएको आवाज आयो । सबैका आँखा उतै गए । त्यहाँ उनीहरूले देखे - त्यस दहबाट एउटी अति नै सुन्दरी परी हातमा पानीको घडा लिएर बाहिर आउँदै थिइन् ।*[३६] यस प्रकारका वर्णनात्मक कथोपकथन बालबालिकाको स्तरअनुकुल नै रहेका छन् । *...आमाको हात समाउँदै त्यही शब्द दोहोऱ्याइरहिथिन्- "रूख रोप्छु, अरूलाई पनि रोप्न लगाउँछु ।"*
*आमाले पनि थपिन्- "हुन्छ बाबा, हामी सबैले रोपौँला ।"*[३७] यसरी वनदेवी उपन्यासमा वर्णनात्मक र नाटकीय दुवै प्रकारका कथोपकथन प्रयोग गरिए पनि नाटकीयभन्दा वर्णनात्मक कथोपकथनको नै बाहुल्य रहेको छ । यो नाटक विधा नभएर उपन्यास विधा भएकाले पनि यसको कथोपकथन बढी वर्णनात्मक हुनु स्वभाविक देखिन्छ ।

---

[३६] कविताराम श्रेष्ठ, **पूर्ववत्**, पृ. ७ ।
[३७] कविताराम श्रेष्ठ, **पूर्ववत्**, पृ. १७ ।

## ४.१२ वनदेवी उपन्यासमा विम्ब र प्रतीक

यस उपन्यासमा विम्ब र प्रतीकहरू पनि प्रयोग गरिएको छन् । जलपरी, वनदेवी र सियाँलपरी स्वयम् प्राकृतिक सौन्दर्यको बिम्वात्मक तथा प्रतीकात्मक प्रस्तुति हुन् । पर देखिएको उज्यालो विन्दु चेतनाको बिम्व हो । आङमा आएका पखेटाहरू स्वतन्त्रता र सौन्दर्यका प्रतीक हुन् । गुरुआमाका रूपमा आएकी सियालपरी ज्ञानकी प्रतीक हुन्, जसले प्रत्यक्ष-परोक्ष प्रकृतिका बारेमा ज्ञान दिएको छ । उज्यालो मुहार गरेकी एउटी देवी प्राकृतिक सौन्दर्यको प्रतीक हो भने दुब्ली, बूढी र कुप्री वनदेवी प्राकृतिकसम्पदाको विनासको प्रतीक हो । यसरी यस उपन्यासमा केही मात्रामा भए पनि बिम्व तथा प्रतीकहरूको राम्रो प्रयोग भएको पाइन्छ ।

## ४.१३ वनदेवी उपन्यासमा विज्ञानचेतना

वनदेवी उपनयासमा भूगर्भविज्ञानसम्वन्धी चेतना पाइन्छ । रूखबिरुवा भएको ठाउँमा जमिनमुनि यथेष्ट जलभण्डार रहने र उक्त जल मूलको रूपमा जमिनबाट निस्कने तथ्यमाथि पनि यो बालउपन्यासले प्रकाश पारेको छ । *नानीहो ! यही हो मेरो बस्ने दरबार । वनमुनि जराहरूको आधारमा म पृथ्वीभित्र बस्छु र खोला भएर बाहिर निस्कन्छु ।*[३८] यस उपन्यासमा वातावरण विज्ञानसम्वन्धी चेतना पनि पाइन्छ । यहाँ मृग जस्ता वन्य जन्तुहरू वनमै रमाएर बस्ने, वन नभएको ठाउँमा नबस्ने, वनजङ्गल भएकै ठाउँमा जमिनमुनि र सतहमा प्रशस्त मात्रामा पानी पाइने, पानीकै कारणले कृषि उब्जनी हुने भएकाले मानव जीवन सुखमय हुन पुग्दछ भन्ने तथ्य पनि आएको छ । रूखबिरुवा भएका ठाउँमा पहिरो नजाने र नभएको ठाउँमा जाने सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ -*आकाशबाट*

---

[३८] कविताराम श्रेष्ठ, **पूर्ववत्**, पृ.१३ ।

*पम्फाले स्पष्टै देखिन् यतापट्टिका झारपातहरू र सम्पूर्ण डाँडा एकदमै हरिया थिए र पहिरो भनेको छँदै थिएन । उता भने सबै मरुभूमिजस्तै हुँदै गइरहेको  र पहिरोले पनि खाँदै गइरहेको थियो ।*[३९] यसरी यस उपन्यासमा भूगर्भविज्ञान र वातावरण विज्ञानसँग सम्बन्धित वैज्ञानिक चेतना पाउन सकिन्छ ।

### ४.१४ परिवेशचित्रण

**वनदेवी** बालउपन्यासमा वनजङ्गलयुक्त हराभरा परिवेश र वनविनाशको कारणले उजाडिएको उराठलाग्दो परिवेश गरी दुई किसिमको बाह्य परिवेशको चित्र पाइन्छ । उपन्यासमा वनजङ्गलको प्राकृतिक वातावरणको प्रचुरता पाइन्छ भन्ने कुरा यसको शीर्षकले नै बताउँछ । *राता पहेँला अनेक थरीका फल र फूलहरूले सिँगारिएका ठूला,साना, झ्याम्म परेका रूखहरू र लहराहरूले सिँगारिएको एउटा मनमोहक ठाउँ थियो त्यो । एक छेउमा कलकल गर्दै बग्ने एउटा स्वच्छ खोला थियो । पानीहाँसहरू डुबुल्की मार्दै थिए । थरीथरीका माछाहरू पौडँदै थिए र डाँफे,मुनाल, कोइली आदि चराहरू स्वरमास्वर मिलाउँदै गाउँदैथिए ।*[४०] यसैगरी यस उपन्यासमा वनविनाशका कारण उजाडिएको परिवेशको चित्रण पनि मार्मिक रूपमा भएको पाइन्छ । *त्यहाँ वनको नामनिशाना नै थिएन ।......खडेरीले खाएको जर्जर पाखा र पहिरोले खाएका डाँडाहरू मात्र थिए ।*[४१]

### ४.१५ दृष्टिविन्दु

[३९] कविताराम श्रेष्ठ, **पूर्ववत्**, पृ १२ ।
[४०] कविताराम श्रेष्ठ, **पूर्ववत्**,पृ. १० ।
[४१] कविताराम श्रेष्ठ, **पूर्ववत्** पृ. १५ ।

**वनदेवी** बालउपन्यासमा उपन्यासकारले आफू घटनाभन्दा पृथक रहेर कथावस्तु अगाडि बढाउने कार्य गरेका छन् । आफू सर्वज्ञभैँ भएर कतै आफैँले कतै पात्रहरूबीच संवाद गराएर कथावस्तु अगाडि बढाएकाले यहाँ निर्वैयक्तिक सर्वज्ञ बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । यहाँ लेखक आफैले सम्पूर्ण घटना तथा क्रियाकलापहरूका बारेमा वर्णन गरेका छन् । *पम्फा तुरुन्तै सबैभन्दा अघि लागिन् । बालकहरूका यस उडानले आकाश एकदमै सुन्दर परीहरूका बथानले भरिएको भैंं देखियो । सबै तँछाड गरी ती ज्योतिपुञ्जतिर जाँदै थिए ।* [४२]

## परिच्छेद पाँच

## उपसंहार

साहित्यकार कवितारामको जन्म वि.सं. २००४ साल माघ ११ गते सगरमाथा अञ्चल, ओखलढुङ्गा जिल्लाको रामबजारमा एक मध्यमवर्गीय परिवारमा भएको हो । उनले आफ्ना पिता नन्दरामबाट घरमै सामान्य लेखपढ गर्न जानेपछि ओखलढुङ्गाको सगरमाथा मिडिल स्कुलमा भर्ना भई त्यहीँबाट कक्षा नौ उत्तीर्ण गरे । वि.सं. २०१८ सालमा उनको परिवार ओखलढुङगाबाट धरान बसाइँ सऱ्यो । उनले वि.सं. २०२० सालमा एस.एल.सी. धरानबाटै उत्तीर्ण गरे । त्यसपछि महेन्द्र बहुमुखी क्याम्पसबाट वाणिज्यशास्त्रमा प्रमाणपत्र तह, कला विषय लिई स्वतन्त्र विद्यार्थीका रूपमा स्नातक तह, समाजशास्त्र विषय लिई आगरा विश्वविद्यालयबाट स्नातकोत्तर तह पूरा गरे । सन् १९९७ मा संस्कृति विषय लिई उनले गोरखपुर विश्वविद्यालयबाट विद्यावारिधि प्राप्त गरेका छन् ।

[४२] कविताराम श्रेष्ठ, **पूर्ववत्** पृ. ९ ।

ओखलढुङ्गा बजारमा बर्सेनी विभिन्न चाडपर्वमा हुने गरेका जात्रा, नाटक, नाच नै कवितारामको साहित्य प्रवेशमा प्रेरणाका स्रोत हुन् । उनी अलि लजालु स्वभावका भएकाले उनका पिताले उनलाई यस्ता कार्यक्रममा सानैदेखि सक्रिय गराए । उनलाई हिन्दी गीतमा केटी वनाई नचाइन्थ्यो । आफ्नै नेपालीभाषाको गीतमा नाच्ने इच्छाले गर्दा उनले आठ वर्षको उमेरमा गीत रचना गरे । वि.सं. २०१३ सालमा राजा महेन्द्र ओखलढुङ्गामा सवारी हुँदा **यो स्कुललाई क्याम्पस वनाइदेऊ** बोलको गीत रचना गरी गाए । उनका पिता काङ्ग्रेसी कार्यकर्ता थिए । उनले वि.सं. २०१७ सालमा काङ्ग्रेसका तर्फबाट भोट माग्न चुनावी गीत रचना गरी गाएका थिए । विद्यालयका शिक्षक भीमप्रसाद श्रेष्ठको प्रेरणा र सहयोगमा विद्यालयको **जुनकिरी** पत्रिकामा वि.सं. २०१७ सालमा **काल** शीर्षकको कविता प्रकाशित गरे । यस कवितामा उनले काललाई मानव जीवनमाथि आघात नपारी पर जा भनेका छन् । यसैगरी काङ्ग्रेसी विद्वान् देवराज ढकालको प्रेरणामा उनले **वनमारा** शीर्षकको निबन्ध पनि लेखे ।

धरान बसाइँसराइपश्चात उनको साहित्यक व्यक्तित्वले मलजल र नयाँ वातावरण प्राप्त गर्‍यो । धरान पुग्दासम्म उनी दिनमा १/२ वटा कविता लेख्ने भइसकेका थिए । उनका कक्षामा चारपाँचजना राममध्ये गुरुवर्गले कविता लेख्नेचाहिँ राम भनी सम्बोधन गर्थे । यसो गर्दागर्दै उनी कविताराम नामले बोलाइन थाले । आज साहित्यका क्षेत्रमा उनी यही नामले परिचित छन् ।

महेन्द्र बहुमुखी क्याम्पसमा पढ्दा कविताराम मार्क्सवादी चिन्तनबाट प्रभावित भए । उनी आफ्नो साहित्यिक गतिविधिका कारण स्व.वि.यु.मा साहित्य एवम् संस्कृति सचिवका रूपमा मनोनित भएका थिए । धरानमा उनले गोपालराज जोशीको प्रेरणा पाए । धरानबाटै उनको कविता प्रकाशन कार्यको आरम्भ भयो । वि.सं. २०२२ सालमा सर्वप्रथम उनको **सिन्दुर** शीर्षकको कविता **प्रेरणा** पत्रिकामा छापियो । यसै वर्ष काठमाडौँबाट भवानी घिमिरेको **भानु** पत्रिकामा **कवि चक्का कुम्हालेको** शीर्षकको कविता पनि प्रकाशित भयो ।

वि.स.२०२४/२५  सालतिर काठमाडौँ लागेका कवितारामको परशु प्रधान र शैलेन्द्र साकारका साथ सम्पर्क भयो । उनले यही क्रममा **दुई म** र **कोठा बाहिर** शीर्षकका कथा प्रकाशित गरे । वि.सं. २०२६ सालमा सुरु भएको अस्वीकृत साहित्य आन्दोलनका प्रणेतामध्ये उनी पनि एक हुन् । उनले हालसम्म यसलाई निरन्तरता दिएका छन् । अस्वीकृत साहित्यको मुखपत्रिका '॥मन्त्र॥'मा उनले वि.सं. २०२६ सालमा **एउटा कथा जिन्दगीको** शीर्षकको कथा प्रकाशित गरेपछि उनका अरू कथा पनि प्रकाशित हुन थाले । उनको मान्यताअनुसार साहितयमा मानवजीवनका कुरूप र अभावग्रस्त पक्षलाई जस्ताको तस्तै उतार्नु नाङ्गोपन वा स्वाभाविकता हो । मानिसलाई कृत्रिम बनाउने सम्पूर्ण साँस्कृतिक र सामाजिक परम्परा र मूल्यबाट पृथक गरी उसलाई स्वच्छ मान्छेको रूपमा उतार्ने जमर्को उनले गरेका छन् ।

तत्कालीन अवस्थामा नवप्रतिभाहरूको कदर गर्ने नीति सरकारको थिएन । राजप्रसादले पनि युवा साहित्यकारहरूको बेवास्ता गरिरहेको थियो । कविताराम लगायत केही नवसाहित्यकारहरूले आफ्ना कृति प्रकाशनार्थ वि.सं. २०३१ साल आसोज मसान्तका दिन नयाँ सडकमा बसी यात्रुहरूको जुत्ता पालिस गर्ने कार्य गरे । यो बुटपालिस आन्दोलन पनि तत्कालीन प्रशासन व्यवस्थाप्रतिको अस्वीकृति नै थियो ।

कवितारामका कृति पुस्तकाकार रूपमा भने वि.सं. २०२६ सालदेखि प्रकाशित हुन थाले । यसै समयदेखि उनको साहित्य सिर्जनाका दुई धार देखा परे : (क) प्रौढसाहित्य र ख) बालसाहित्य । प्रौढ साहित्यअन्तर्गत उनका अस्वीकृत साहित्य पर्दछन् भने बालसाहित्यमा यसको कुनै छाप पाइँदैन ।

प्रौढसाहित्यअन्तर्गत उनका कथा, निबन्ध, उपन्यास, नाटकका पुस्तकाकार कृति प्रकाशित छन् । वि.सं. २०३६ सालमा उनको **कालो कथा** कथासङग्रह प्रकाशित भयो । १६ वटा कथा समावेश गरिएको यस सङ्ग्रहले जीवनको अँध्यारो पक्षलाई सङ्केत गर्दछ । **प्रलाप** (२०३८) उनको दोस्रो कथासङ्ग्रह हो । यसमा २२ वटा कथा समावेश भएका छन् । मुक्ति सङ्घर्षका अस्वीकृत कथाहरू (२०४६) चाहिँ उनको तेस्रो कथासङ्ग्रह हो । यस सङग्रहमा ९ वटा नयाँ कथा र बाँकी पहिलेका सङ्ग्रहमा प्रकाशित भइसकेका कथाहरू छन् । राजनीतिक विकृति, गद्दारीका चित्र उतार्नुका साथै स्वच्छ मूल्य र मान्यता स्थापना गर्नु नै उनका कथालेखनको उद्देश्य देखिन्छ ।

वि.सं २०३६ सालमा प्रकाशित **स्वभावगीता** कवितारामको नाट्यकृति हो । नाट्यसिद्धान्त भन्दा पृथक शैलीमा तयार गरिएको यस नाटकमा भविष्यमा वैज्ञानिक  क्षेत्रको उन्नतिले गर्दा मानवमाथि आइपर्ने दुर्दशाको सङ्केत पाइन्छ ।

**वकपत्र** (२०४६ ) कवितारामको पहिलो अस्वीकृत उपन्यास हो । यस उपन्यासको लक्ष्य समाजमा निम्नस्तरका, अपहेलित, विसङ्गतिबोधले, ग्रस्त पात्रको शरीरिक र मानसिक कुण्ठाको मार्मिक चित्रण गर्नु रहेको छ । उनको दोस्रो उपन्यास **कुकुरको कथा** (२०५९) मा पशुको मानिसप्रतिको हार्दिकता र विश्वास अनि मानिसको पशुप्रतिको विश्वासघात देखाउँदै मानिसलाई पशुभन्दा घृणित, पतित प्राणीको रूपमा चित्रण गरिएको छ ।

कवितारामले चलचित्रका क्षेत्रमा पनि योगदान दिएका छन् । वि.सं.२०४८ सालमा उनले **मुक्तिसङ्घर्ष** चलचित्रका कथा संवाद गीत, पटकथा लेखनको कार्य गर्नुका साथै निर्माण पनि गरेका हुन् । वि.सं. २०४६ को घटना अगाडि र पछाडिको घटनामा आधारित यस चलचित्रमा सामाजिक, राजनीतिक, प्रशासनिक विकृतिका कारण देशभक्त, इमान्दार नागरिकले पाएको यातनाको चित्रण गरेको पाइन्छ । गाउँका ठूला भनाउँदा शोषकले सर्वसाधारणलाई  गरेको शोषण र दिएको दुःखको तस्बिर यहाँ उतारिएको छ । उनका

**मेरा अस्वीकृत यात्राका अस्वीकृत मान्यताहरू**, **यी अस्वीकृत श्रष्टाहरू**, गरी दुई निवन्धसङ्ग्रह, **माटो बोल्छ** नाटक, **ऊ बेलाका अस्वीकृत बुद्ध**, जस्ता उपन्यास प्रकाशोन्मुख छन् । पुराना, जीर्ण, अनुपयोगी सामाजिक, सांस्कृतिक र प्रशासनिक मूल्य र मान्यतालाई अस्वीकार गर्दै स्वाभाविक जीवनोपयोगी वैज्ञानिक मान्यता प्रतिपादनका लागि सङ्घर्ष गर्नु नै उनको  अस्वीकृत साहित्यलेखनको अभीष्ट हो, उनी यसलाई स्वभाववादी चिन्तन भन्दछन् ।

उपर्युल्लिखित प्रौढ साहित्यका अतिरिक्त कवितारामको कलम बालसाहित्यका क्षेत्रमा उल्लेखनीय रूपमा चलेको छ । उनका बालसाहित्यका कृतिहरू नेपाली तथा अङ्ग्रेजी दुवै भाषामा प्रकाशित भएका छन् । उनले बालसाहित्यका क्षेत्रमा कथा, चित्रकथा, तथा उपन्यास जस्ता विधामा सशक्त रूपमा कलम चलाएका छन् । उनका तीनओटा कथासङग्रह, एक चित्रकथा र पाँच ओटा उपन्यासले  नेपाली बालसाहित्यको श्रीवृद्धिमा महत्वपूर्ण भूमिका निर्बाह गरेको पाइन्छ । **रहस्यमय गुफा** (२०४५) उनको चित्रकथा हो भने **फ्रम द म्याङ्गो ट्री एन्ड अदर फोकटेल्स फ्रम नेपाल** (२०५३) अङ्ग्रेजी भाषामा लेखिएको कृति हो । यस कृतिले अमेरिकाका प्राइमरी र सेकेन्डरी स्कुलका शिक्षक तथा विद्यार्थीका लागि सन्दर्भसामग्रीका रूपमा स्थान पाएको छ ।

**बुद्धिबङ्गाराको फोन** भाग १ देखि ३ सम्म कवितारामका तीनवटा  बालकथासङ्ग्रह छन् । वि.सं.२०५५ सालमा प्रकाशित यी तीनैवटा बालकथासङ्ग्रह स्वास्थ्यसम्वन्धी विविध विषयवस्तुसँग सम्बन्धित छन् । यिनमा स्वास्थ्यसम्वन्धी विविध समस्या, तिनका समाधानका उपाय र तिनबाट बच्ने उपायका बारेमा बालबालिकालाई ज्ञान दिइएको छ । यहाँ बुद्धिबङ्गारालाई बुद्धिको प्रतीक मानी स्वैरकल्पनात्मक ढङ्गमा फोन गराई  ज्ञान दिने प्रयास गरिएको छ । **जुहुहीरा** बालचित्रकथाले केटाकेटीलाई वैज्ञानिक र व्यवहारिक ज्ञान दिलाई जक्ति, बुद्धि र सहासको प्रयोग गरी ठूला कार्य गर्न योग्य वनाउने उद्देश्य राखेको छ ।

यसरी विविध विधाहरूमा हात हाली सफलता पाउन सफल कवितारामको पहिलो बालउपन्यास **वनदेवी** विज्ञानचेतनामा आधारित छ । यस उपन्यासले बालबालिकालाई स्वैरकल्पनाका माध्यमबाट रोचक ढङ्गले प्रकृतिसँग सम्बन्धित ज्ञान दिएको छ । यसमा वनविनासका दुष्परिणामहरू तथा वनको महत्व अत्यन्त रोचक ढङ्गले प्रस्तुत गरिएको छ । वनलाई वनदेवीको, सियाँललाई सियाँपरीको, जललाई जलपरीको प्रतीकात्मक तथा छद्म रूपमा गरिएको प्रस्तुतिले कथानकमा रोचकता थपेको छ । वाक्यगठन तथा शब्दप्रयोगका दृष्टिले पनि उपन्यास सरल नै छ । प्रकृतिसँग सम्बन्धित विभिन्न चित्रहरूको प्रयोगसमेतले १७ पृष्ठ सम्मको आयाममा फैलिएको यो कृति बालबालिकाको स्तरअनुकुल नै देखिन्छ । कथानकमा रोचकता थप्न तथा सहज प्रस्तुति दिन स्वप्नको प्रयोग पनि गरिएको छ । स्वप्नपरिवेश अलि अपत्यारिलो लागे पनि उपन्यासको उद्देश्य जादु–चमत्कारसँग सम्बन्धित नभई भूयथार्थसँग सम्बन्धित भएकाले त्यो स्वैरकल्पना सहज नै भएको छ । यस उपन्यासले प्राकृतिक ज्ञान दिन बालमानसिकतामा राम्रो पकड जमाएको छ । पात्रगत विविधता भए पनि बहुलता नहुनु यस उपन्यासको अर्को विशेषता हो । द्वन्द्वपक्ष त्यति सशक्त नभए पनि सहज रूपमा सामान्य बैचारिक द्वन्द्व देखिएकै छ । **वनदेवी** बालउपन्यासको महत्व र स्तरलाई यस उपन्यासले अन्तर्राष्ट्रिय फरेस्ट्री प्रोजेक्टद्वारा सन् १९८० मा उत्कृष्ट पुस्तकको रूपमा पुरस्कृत भएको सन्दर्भले पनि पुष्टि गर्दछ ।

भावी शोधकार्यका लागि सम्भावित शोधशीर्षकहरू :

१. कवितारामका अन्य बालउपन्यासहरूको कृतिपरक अध्ययन (अलगअलग)
२. कवितारामका बालउपन्यासमा विज्ञानचेतन
३. कवितारामका उपन्यासमा अस्वीकृत चिन्तन

# सन्दर्भसामग्री सूची

## क) पुस्तकहरूको सूची

पोखरेल, बालकृष्ण र अरु **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : ने.रा.प्र.प्र, २०४० ।

पौड्याल, हरिहर र लक्ष्मण प्रसाद गौतम **विज्ञान शब्दकोश**, काठमाडौँ :ने.रा.प्र.प्र २०२६ ।

राई , इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू**, ललितपुर : सा. प्र.२०५२ ।

रेग्मी, मुरारीप्रसाद, **मनोविश्लेषणात्मक समालोचना** (**उपन्यास खण्ड**), (दो.सं. ललितपुर, सा.प्र.,२०५०) ।

रेग्मी, मुरारीप्रसाद, **मनोविश्लेषणात्मक समालोचना** (**कथा खण्ड**), (प्र.सं. ललितपुर, सा.प्र.,२०५३) ।

वराल, ईश्वर र अन्य, **नेपाली साहित्यकोश,** काठमाडौँ : ने.रा.प्र.प्र.,२०५५ ।

श्रेष्ठ कविताराम, **प्रलाप** (कथासङ्ग्रह), काठमाडौँ : सा. प्र.२०३३, ।

श्रेष्ठ कविताराम, **वनदेवी** (बालउपन्यास) , काठमाडौँ : सा. प्र. २०३६, ।

श्रेष्ठ कविताराम, **पानीको थोपा** (बालउपन्यास) , काठमाडौँ : सा. प्र.२०३६, ।

श्रेष्ठ कविताराम, **कमिलाको कथा** (बालउपन्यास) , काठमाडौँ : सा. प्र. २०४८, ।

श्रेष्ठ कविताराम, **अनौठो यात्रा** (बालउपन्यास) , काठमाडौँ : सा. प्र.२०५८, ।

श्रेष्ठ कविताराम, **मावलीको यात्रा** (बालउपन्यास) , काठमाडौँ : सा. प्र. २०५९, ।

श्रेष्ठ, दयाराम, , **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** (छैटौँ संस्करण, ललितपुर : सा.प्र. २०५९, ।

## ख) पत्रपत्रिकाको सूची

गिरी, गोविन्द 'प्रेरणा' **कवितारामसँग कुराकानी** 'तन्नेरी', (वर्ष २४, अङ्क १, असार-साउन-भदौ), २०५९ ।

धमला, चेतनाथ **कमिलाको कथा पाठ्यपुस्तक बन्नुले मलाई थप दायित्वबोध भएको छ,** 'तन्नेरी', (वर्ष२४, अङ्क १, असार-साउन-भदौ), २०५९ ।

प्रधान, अमरकुमार **दोलखामा रामबहादुरदेखि कवितारामसम्म,** 'तन्नेरी',(वर्ष १, असार-साउन-भदौ), २०५९ ।

श्रेष्ठ, कविताराम **बाल साहित्यमा वैज्ञानिक चेतनको खाँचो**, 'बालसाहित्य', वार्षिक, वर्ष २, २०४६ ।

श्रेष्ठ, सरुभक्त **विज्ञानसाहित्यसम्वन्धी पत्र,** 'तन्नेरी', (वर्ष २४, अङ्क १, असार-साउन-भदौ), २०५९ ।

## ग) शोधपत्रहरूको सूची

अर्याल, अच्युतशरण, **नेपाली बालसाहित्यको अध्ययन** मानविकी सङ्काय (त्रि.वि., अप्रकाशित विद्यावारिधि शोधग्रन्थ), २०५८ ।

कुँवर (सुवेदी),यशोदा, **कवितारामका बालउपन्यासको अध्ययन,** रत्नराज्यलक्ष्मी क्याम्पस

(त्रि.वि., अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ), २०६२ ।

खतिवडा, गोपाल, **साहित्यकार कविताराम श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको एक अध्ययन** रत्नराज्यलक्ष्मी क्याम्पस (त्रि.वि., अप्रकाशित स्नातकोत्तर शोधग्रन्थं), २०५९ ।

पौड्याल, राम, **आधुनिक नेपाली कथाका बालपात्रको  मनोवैज्ञानिक विश्लेषण** मानविकी सङ्काय (त्रि.वि., अप्रकाशित विद्यावारिधि शोधपत्र ), २०६० ।

लिम्बू, राजेन्द्र,  **२०३० को दशकका मौलिक नेपाली बालउपन्यासमा स्वैरकल्पना**, ने.के.वि, (त्रि वि, अप्रकाशित, स्नातकोत्तर शोधग्रन्थं), २०६२ ।